# अन्तिम लेखापरीक्षण प्रतिवेदन

## पनौती नगरपालिका
## काभ्रेपलाञ्चोक

आर्थिक वर्ष २०७९/८०





महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

# अन्तिम लेखापरीक्षण प्रतिवेदन

## पनौती नगरपालिका

## काभ्रेपलाञ्चोक

आर्थिक वर्ष २०७९/८०




महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

# अन्तिम लेखापरीक्षण प्रतिवेदन

पनौती नगरपालिका

काभ्रेपलाञ्चोक

आर्थिक वर्ष २०७९/८०

महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

## दूरदृष्टि (VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था

*(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य (MISSION)


राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

*(Provide independent and Quality Audit Service to the Nation)*

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| निष्ठा | *(Integrity)* |
| स्वतन्त्रता | *(Independence)* |
| व्यावसायिकता | *(Professionalism)* |
| पारदर्शिता | *(Transparency)* |
| जवाफदेहिता | *(Accountability)* |

## महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। त्यसैगरी लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । लेखापरीक्षण गर्दा नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिईएको छ । यस स्थानीय तहको २०७९/८० को लेखापरीक्षणबाट देखिएका व्यहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रिया समेत विचार गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहिता लगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ । समय, जनशक्ति, स्रोतको उपलव्धता लगायतका सीमा रहेता पनि स्थानीय तह सम्म नै उपस्थित भई लेखापरीक्षण सम्पन्न गर्ने नीति लिइएको छ । यसै गरी लेखापरीक्षणको क्रममा स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग लेखापरीक्षणबाट देखिएका व्यहोरा उपर छलफल गरिएको छ।

यस वर्ष पालिकाको लेखापरीक्षणबाट कार्यसम्पादनका लागि आवश्यक पर्ने कानुन निर्माण र न्याय सम्पादन, बजेट अनुशासन, आन्तरिक आय, वर्षान्तको खर्च, स्वीकृत कर्मचारी दरबन्दी र पदपूर्ति, सेवा प्रवाह, आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदन प्रणाली, सहकारी संस्थाहरुको नियमन र व्यवस्थापन, सार्वजनिक विद्यालयको शैक्षिक गुणस्तरका अलवा पालिकाले गरेको चालु तथा पूँजीगत खर्चसँग सम्बन्धित उल्लेख्य विषयहरु समावेश गरी सो उपर राय सहितको व्यहोरा लेखापरीक्षण प्रतिवेदनमा समावेश गरिएको छ । अतः लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरू उपर आवश्यक कारबाही गरी वित्तीय अनुशासन कायम गर्नुका साथै सेवा प्रवाहलाई प्रभावकारी बनाउन त्यस स्थानीय तहबाट थप पहल कदमी हुने विश्वास लिएको छु ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका पदाधिकारी तथा कर्मचारीप्रति आभार व्यक्त गर्दछु । साथै लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरूको कार्यसम्पादनको लागि विशेष धन्यवाद व्यक्त गर्न चाहन्छु ।

**(तोयम राया)**

**२०८१, जेष्ठ** **महालेखापरीक्षक**

**महालेखापरीक्षकको कार्यालय**
**अनामनगर/बबरमहल, काठमाडौं, नेपाल**

**प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय**

बागमती प्रदेश

मितिः२०८१।०२।११

प.सं. २०८०।८१

च.नं. १२२

विषयः **लेखापरीक्षण प्रतिवेदन ।**

श्री प्रमुखज्यू ,

पनौती नगरपालिका, नगर कार्यपालिकाको कार्यालय,

पनौती, काभ्रेपलाञ्चोक।

१. **कैफियत सहितको राय** - हामीले यस नगरपालिकाको आर्थिक वर्ष २०७९/८० को प्राप्ती र भुक्तानीको विवरण, त्यससँग सम्बन्धित अनुसूची तथा अन्य विवरणको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक पेस भएको २०८० आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७९/८० को प्राप्ती र भुक्तानीको विवरण र त्यससँग सम्बन्धित अनुसूची तथा अन्य विवरण समावेश भएको वित्तीय प्रतिवेदनले यस नगरपालिकाको वित्तीय कारोबार र प्रतिवेदनसँग सम्बन्धित प्रचलित कानुन बमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

२. **कैफियत सहितको राय व्यक्त गर्ने आधार** -

२.१. नगरपालिकाले अन्तरसरकारी अख्तियारी, आन्तरिक आय तथा विविध कोष लगायतको वित्तीय विवरण महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्ण रुपमा प्रयोग गरेर तयार गरेको छैन ।

२.२. लेखापरीक्षणबाट रू. १ करोड ४६ लाख १० हजार बेरुजू देखिएको छ । सो सम्बन्धमा रु.१ करोड ४ लाख ७ हजारको प्रतिक्रिया प्राप्त भएकोमा सो उपर कारबाही भई बाँकी बेरुजु असुल गर्नुपर्ने रू. ९ लाख १३ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू.१४ लाख ६८ हजार, नियमित गर्नुपर्ने रु.१३ लाख ७२ हजार र पेश्की बाँकी रु. ४ लाख ५० हजार समेत गरी यस वर्ष रु. ४२ लाख ३ हजार बेरुजू कायम रहेको छ । यस नगरपालिकाको गतवर्ष सम्म रु.५६ करोड ३१ लाख २४ हजार बेरुजू बाँकी रहेकोमा

हालसम्मको अद्यावधिक बेरुजू रु.५६ करोड ७३ लाख २७ हजार रहेको छ । **यस नगरपालिकाको बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको व्यहोरा यसैसाथ संलग्न छ ।**

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम गरिएको छ । वित्तीय प्रतिवेदन तयार गर्ने नगरपालिकासँग हामी स्वतन्त्र छौं। त्यसका लागि प्रचलित कानुन र स्वीकृत आचारसंहिता अनुसार हामीले कार्य गरेका छौं ।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा हामी विश्वस्त छौं।

३. **अन्य व्यहोरा** - ऐन नियमको परिपालना, आन्तरिक नियन्त्रण व्यवस्था, सम्पत्तिको संरक्षण, स्रोत साधनको प्राप्ति र उपयोग, बजेट व्यवस्थापन र राजस्व संकलन, सार्वजनिक खरिद व्यवस्थापन, कार्यक्रम स्वीकृति एवं कार्यान्वयन, उपभोक्ता समितिलाई अनुदान वितरण तथा अनुगमन र सेवा प्रवाह लगायतका विषयमा सुधार गर्नुपर्ने देखिएका छन् ।

४. **वित्तीय विवरण उपर व्यवस्थापन तथा पदाधिकारीको जिम्मेवारी** - नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) बमोजिम आर्थिक कारोवारको सही र यथार्थ अवस्था चित्रण हुने गरी एकीकृत वित्तीय विवरण तयार गर्ने तथा गल्ती (**Fraud**) वा त्रुटिका कारणबाट वित्तीय विवरण सारभूत रुपमा गलत आँकडा रहित स्वरुपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने जिम्मेवारी नगरपालिकाको व्यवस्थापनमा रहेको छ । नगरपालिकाका अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत वित्तीय प्रतिवेदन प्रकृयाको अनुगमनका लागि जिम्मेवार हुनेछन् ।

५. **वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी** - वित्तीय प्रतिवेदन समग्रमा गल्ती (**Fraud**) वा त्रुटिका कारण सारभूत रुपमा गलत आँकडा रहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो ।लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ । लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम लेखापरीक्षण कार्य सम्पादन गरेको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तरनिहित सीमाहरुका कारण वित्तीय विवरण वा आर्थिक कारोवारमा भएका सबै प्रकारका गल्ती (**Fraud**) वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुदैन । वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका गल्ती (**Fraud**) वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूत रुपमा गलत आँकडा मानिएको छ ।

**(शंकर प्रसाद पन्थी )**

**नायब महालेखापरीक्षक**

पनौती नगरपालिका,

काभ्रेपलाञ्चोक जिल्ला,

## १. चालु वर्ष २०७९।८० को बेरुजु

### बेरुजु वर्गीकरण (विनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

(रु. हजारमा)

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फस्यौंट | | | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | असुल गर्नु पर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | दफा संख्या | | रकम | | | | | | | |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | असुल गर्नु पर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | पेस्की |
| ५५ | ३४ | १४६१० | ० | ५ | १०४०७ | ५५ | २९ | ४२०३ | ९१३ | १३७२ | १४६८ | ० | ० | ३७५३ | ४५० |

## २. अद्यावधिक बेरुजु स्थिति (२०७९।८० सम्मको)

(रु. हजारमा)

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्ष फस्यौंट | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| काभ्रेपलाञ्चोक | ५६३१२४ | ० | ० | ५६३१२४ | ० | ४२०३ | ५६७३२७ |

## ३. बेरुजु सम्परीक्षणको विवरण

| क्र. सं | आर्थिक वर्ष | बेरुजुको दफा | छोटकरी व्यहोरा | सम्परीक्षण भएको रकम |
|---|---|---|---|---|
| | २०७९।८० (चालु वर्षको) | | | |
| १ | ०७९।८० | ३३ | राजश्व रकम दाखिला गरेको प्रमाण पेश भएको | ३००००० |
| २ | ०७९।०८० | ५८.१ | दाखिला भएको प्रमाण पेश भएको | २३३८५६६ |
| ३ | ०७९।०८० | ५८.२ | दाखिला भएको प्रमाण पेश भएको | ६८५०२८६ |
| ४ | ०७९।०८० | ५९ | दाखिला भएको प्रमाण पेश भएको | ९१३८९६ |
| ५ | ०७९।०८० | ६३ | दाखिला भएको प्रमाण पेश भएको | ४०१५ |
| | चालु वर्षको जम्मा | | | १०४०६७६३ |
| | गत विगत वर्षतर्फको | - | - | - |
| | २०७८।७९ | - | - | - |
| | २०७७।७८ | - | - | - |
| | २०७६।७७ | - | - | - |
| | गत विगतको जम्मा | - | - | - |
| | कुल जम्मा | - | - | १०४०६७६३ |

नगरपालिकाको अन्तिम लेखापरीक्षणको विवरण तल उल्लेख गरिएको छ ।

# परिचय

१ **(क) कार्यालय परिचय** - स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले यस पनौती नगरपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह-अस्तित्व र समन्वयलाई प्रर्वद्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व र पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु नगरपालिकाको उद्देश्य रहेको छ । यस नगरपालिका अन्तर्गत १२ वडा, ६५ सभा सदस्य, ११८ वर्ग किलोमिटर क्षेत्रफल तथा ५६,३२९ जना जनसंख्या रहेको छ ।

**(ख) लेखापरीक्षणको उद्देश्य** - लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०७९।८० को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानूनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य हुनेछ।

**(ग) लेखापरीक्षण विधि** - लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

**(घ) लेखापरीक्षणको सीमा** - यस नगरपालिकाको आर्थिक वर्ष २०७९।८० को आय व्ययको स्रेस्ता परीक्षण मिति २०८०।०९।१९ देखी ०९।२२ सम्म ४ कार्य दिनको अवधिमा स्वीकृत लेखापरीक्षण योजना अनुसार आर्थिक कारोबारको छनौटका आधारमा लेखापरीक्षण सम्पन्न गरिएको छ साथै यस क्रममा पेश भएका विल, भरपाई, नापी किताब लगायतका स्रेस्ता एवं कागजातको जोड जम्मा र शुद्धताको हकमा आन्तरिक लेखापरीक्षण, सम्बन्धित लेखा उत्तरदायी अधिकृत र लेखा प्रमुखबाट प्रमाणित व्यहोरा समेतलाई आधार मानिएको छ । त्यसैगरी लेखापरीक्षणको क्रममा वित्तीय पक्षका अलावा नगरपालिकाको व्यवस्थापकीय, न्यायिक र अन्य विषयगत विषयहरुको परीक्षण गरी संरचनागत, प्रणालीगत र नीतिगत सुधारका पक्षहरु विशेष जोड दिईएको छ ।

**(ङ) लेखापरीक्षणको क्रममा असुली** - लेखापरीक्षणको क्रममा कोहीनुर रोडा ढुङ्गा उद्योग प्रा.लि. बाट रु. ३३,००,००० र भालेश्वर रोडा ढुङ्गा उद्योग प्रा.लि. बाट रु. ४,००,००० तथा सामाजिक सुरक्षा भत्ता वितरण गरी बाँकी रहेको रु.६३,१६७ समेत गरी रु. ३७,६३,१६७ असूल भएको छ ।

२ **एकिकृत आर्थिक विवरण -** पनौती नगरपालिकाको आर्थिक वर्ष २०७९/८० को एकिकृत आर्थिक विवरण

| सि.नं. | आय | | सि.नं. | व्यय | |
|---|---|---|---|---|---|
| | **शीर्षक** | **रकम** | | **शीर्षक** | **रकम** |
| १. | गत वर्षको जिम्मेवारी | | १. | **चालु** | ६२२२०३५९६.५१ |
| | बैंक मौज्दात | ३२३४५४०५.७३ | २. | **पूँजीगत** | ४८०५६२१२९.६० |
| | बैंक मौज्दात (चालु र पूजिगतबाट फिर्ता) | १४१२५१९२ | ३. | **वित्तीय व्यवस्था खर्च** | ३०००००० |
| | कोष खाता | ५६२४९८५६.३५ | ४. | **विभिन्न कोष खर्च** | १४६७०६३ |
| | धरौटी मौज्दात | ३९०४५५८८.२६ | ५. | **धरौटी फिर्ता** | २०६५६६२२.६५ |
| | नगद | ५३८५३७.७२ | ६. | **सामाजिक सुरक्षा** | १९२२५१९९२ |
| २. | **यस वर्षको धरौटी आम्दानी** | १३३४२१३० | ७. | **मौज्दात** | |
| ३. | **आन्तरिक राजश्व आम्दानी** | | | बैंक मौज्दात | ५९७२४५२२.६२ |
| | आन्तरिक राजश्व | ४२०१४३७४४.८७ | | कोष खाता | ७००८४२५८.०६ |
| | राजश्व बाँडफाँड प्रदेश सरकार | ७५१९४५६९.४३ | | धरौटी मौज्दात | ३१७३१०९५.६१ |
| | राजश्व बाँडफाँड संघीय सरकार | ८२५९७४०९.६१ | | नगद बाँकी | ६४७७१४१.२७ |
| | अन्य आय | १२०३५ | | | |
| ४. | **संघीय सरकारबाट प्राप्त अनुदान** | | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| | वित्तीय समानिकरण अनुदान | १४८०००००० | | | |
| | सशर्त अनुदान-चालू | ३१६२२८५६७.६४ | | | |
| | सशर्त अनुदान-पूजिगत | ११९९२९५० | | | |
| ५. | **प्रदेश सरकारबाट प्राप्त अनुदान** | | | | |
| | वित्तीय समानिकरण अनुदान | १५४९९००० | | | |
| | सशर्त अनुदान | २५२८९९८७ | | | |
| | समपुरक अनुदान | ३००००००० | | | |
| ६. | **विषयगत निकायबाट प्राप्त रकम** | | | | |
| | सामाजिक सुरक्षा तथा संरक्षण | १९२२५१९९२ | | | |
| | कोष खाता प्राप्ति | १५३०१४६४.७१ | | | |
| | **जम्मा** | **१४८८१५८४२१** | | **जम्मा** | **१४८८१५८४२१** |

## लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

३ **आर्थिक विवरणको विश्लेशण -** नगरपालिकाको वित्तीय विवरणको विश्लेषण देहाय बमोजिम रहेको छ ।

• नगरपालिकाको वित्तीय विवरण म.ले.प.फा.नं. २७२ मा नगरपालिकाको जम्मा प्राप्ति रु.१ अर्ब १५ करोड ३९ लाख ९९ हजार रहेको देखिन्छ भने वित्तीय प्रतिवेदन म.ले.प.फा.नं. २७५ मा जम्मा प्राप्ति रु.१ अर्ब १३ करोड ९० लाख ८३ हजार रहेको देखिन्छ । वित्तीय विवरण म.ले.प.फा.नं. २७२ मा र वित्तीय प्रतिवेदन म.ले.प.फा.नं. २७५ भन्दा रु. १ करोड ३९ लाख १६ हजार बढी रहेको देखिन्छ ।

• वित्तीय विवरण म.ले.प.फा.नं. २७२ मा नगरपालिकाको जम्मा भुक्तानी रु. १ अर्ब १२ करोड ७८ लाख ८९ हजार रहेको देखिन्छ भने वित्तीय प्रतिवेदन म.ले.प.फा.नं. २७५ मा जम्मा भुक्तानी रु. १ अर्ब १० करोड ५७ लाख ६५ हजार रहेको देखिन्छ । नगरपालिकाको वित्तीय विवरण म.ले.प.फा.नं. २७२ मा वित्तीय प्रतिवेदन म.ले.प.फा.नं. २७५ भन्दा रु.२ करोड २१ लाख २४ हजार बढी रहेको देखिन्छ ।

• वित्तीय विवरण म.ले.प.फा.नं. २७२ को अनुसूची-२४ मा वर्षान्तको अन्त्यमा बैंक मौज्दात रु.१० करोड ९१ लाख ३५ हजार रहेको देखिन्छ भने भने श्रेष्ता अनुसार बाँकी रु. १५ करोड ३३ लाख ५३ हजार रहेको देखिन्छ भने वित्तीय प्रतिवेदन म.ले.प.फा.नं. २७५ को अनुसूची-९ मा खाता अनुसार बाँकी रु. १६ करोड ७४ लाख ७८ हजार रहेको देखिन्छ । जस अनुसार नगरपालिकाको म.ले.प.फा.नं. २७२ मा भन्दा म.ले.प.फा.नं. २७५ मा रु. १ करोड ४१ लाख २५ हजार बढी मौज्दात रहेको देखिन्छ ।

• नगरपालिकाले पेश गरेको वित्तीय विवरण म.ले.प.फा.नं. २७२ र २७५ मा कुल बजेट रु. १ अर्ब १३ करोड ९० लाख ८३ हजार रहेको देखिन्छ भने CGAS को विवरण अनुसार रु.१९ करोड ४६ लाख १८ हजार रहेको देखिन्छ । म.ले.प.फा.नं. २७२ तथा २७५ र CGAS तर्फको समावेश गर्दा नगरपालिकाको कुल बजेट रु.१ अर्ब ३३ करोड ३७ लाख १ हजार हुन आउँछ । म.ले.प.फा.नं. २७२ र २७५ मा CGAS तर्फको बजेट रु. १९ करोड ४६ लाख १८ हजार समावेश भएको छैन ।

उपरोक्त विवरण अनुसार नगरपालिकाको वित्तीय विवरण म.ले.प.फा.नं. २७२ र वित्तीय प्रतिवेदन म.ले.प.फा.नं. २७५ मा प्राप्ति भुक्तानी तथा बैंक मौज्दातमा समेत हिसाब फरक रहेको देखिन्छ । नगरपालिकाको वित्तीय विवरण म.ले.प.फा.नं. २७२ र वित्तीय प्रतिवेदन म.ले.प.फा.नं. २७५ मा CGAS तर्फको आम्दानी र खर्च समावेश रहेको देखिदैन । त्यसैले वित्तीय विवरण र वित्तीय प्रतिवेदनमा भएको फरक हिसाब आउनुको कारण त्यसको असर बारे नगरपालिकाले ध्यान दिनुपर्ने देखिन्छ ।

४ **आन्तरिक नियन्त्रण प्रणाली** - आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन, २०७६ को दफा ३२ बमोजिम स्थानीय तहले आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गर्नुपर्ने व्यवस्था छ । यस सम्बन्धमा देखिएका अन्य व्यहोराहरु तपशिल बमोजिम रहेका छन् ।

• स्थानीय सेवा गठन तथा सञ्चालन ऐन, २०७९ को दफा ६९(५) मा तोकिए बमोजिम तलबी प्रतिवेदन पारित नगरी तलब भत्ता भुक्तानी गरेको ।

• प्रचलित कानूनी व्यवस्था विपरित वडागत रुपमा खर्चको अख्तियारी प्रदान गरी खाता संचालन गरेको ।

• वडागत रुपमा जिन्सी सामान खरिद गर्ने गरेकोमा सोको अभिलेख नेपाल सम्पत्ति व्यवस्थापन प्रणाली (PAMS)मा प्रविष्ट नगरेको ।

• जिन्सी निरीक्षण प्रतिवेदनमा वडागत रुपमा रहेका जिन्सी सामानहरुको विवरण सहितको व्यहोरा समावेश नभएको ।

• सम्पति कर, व्यवसाय कर र बहाल करको प्रशासन र नियमन थप प्रभावकारी बनाउनु पर्ने देखिएको ।

• सहकारी ऐनको व्यवस्था बमोजिम नगरपालिकामा संचालनमा रहेका सहकारी संस्थाहरुको नियमित तथा सघन अनुगमन नगरेको ।

• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १४(१)(क) को व्यवस्था विपरित हुने गरी सहायकस्तरको कर्मचारीबाट लागत अनुमान स्वीकृत गरी खरिद कारबाही गरेको ।

• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण नगरेको।

• सार्वजनिक खरिद नियमावली, २०६४ बमोजिम निर्माण कार्यको म्याद थप गर्दा कतिपय योजनामा बीमाको म्याद थप गर्ने नगरेको ।

• राजस्व संकलनमा प्रयोग भएको सूचना प्रविधी प्रणाली महालेखा नियन्त्रक कार्यालयको स्वीकृती वेगर संचालनमा ल्याएको।

• तोकिए बमोजम भवन संहिताको पालना नगरेको ।

तसर्थ नगरपालिकाले आन्तरिक नियन्त्रण प्रणाली तयार गरी तोकिए बमोजिम प्रभावकारी र विश्वशनीय बनाउने तर्फ ध्यान दिनुपर्दछ ।

५ **बजेट पेश, पारित र अख्तियारी -** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान नगरकार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहमा उप-प्रमुखले मिति २०७९/३/१० गते रु. १ अर्ब ६० करोड १३ लाखको बजेट सभा समक्ष पेश गरेकोमा मिति २०७९/०३/१० मा नै पारित भएको छ । यसैगरी नगर प्रमुखले मिति २०७९/०३/१६ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ ।

६ **घाटा बजेट तथा बजेट तर्जुमा -** अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा २३(१) अनुसार नगरपालिकाले घाटा बजेट पेश गर्न सक्ने व्यवस्था छ भने दफा २३(१) मा घाटा बजेट पेश गर्दा बजेट

घाटा पूर्ति गर्ने स्रोतको स्पष्ट आधार समेत खुलाउनु पर्ने उल्लेख छ । नगरपालिकाले आर्थिक वर्ष २०७९/८० का लागि बजेट अनुमान गर्दा मौज्दात जिम्मेवारी सर्ने रकम रु.३३ करोड ७० लाख अनुमान गरेकोमा रु.३ करोड २३ लाख ४५ हजार मात्र जिम्मेवारी सरेको देखिन्छ । जसबाट यस वर्ष नगरपालिकाले अनुमान गरेको भन्दा रु.३० करोड ४५ लाख ५५ हजार बजेट न्यून भएको देखिन्छ । त्यसैले प्रचलित कानूनी व्यवस्था र यथार्थ परक बजेट हुने गरी बजेट तर्जुमा र स्वीकृति गर्ने तर्फ नगरपालिकाले ध्यान दिनुपर्दछ ।

७ **बजेट विनियोजन -** आर्थिक वर्ष २०७९।८० को नगरपालिकाको कुल बजेट मध्ये चालु र पूँजीगत बजेट देहाय बमोजिम विनियोजन गरेको छ । **(रु. हजारमा)**

| **कुल बजेट (संशोधन सहित) रु.** | **चालु बजेट रु.** | **प्रतिशत** | **पूँजीगत बजेट रु.** | **प्रतिशत** | **वित्तीय व्यवस्था बजेट रु.** | **प्रतिशत** |
|---|---|---|---|---|---|---|
| १,६६,७२,२१ | ८१,६८,७२ | ४९ | ८४,६८,४९ | ५०.८० | ३०,०० | ०.२० |

उक्त विवरण अनुसार नगरपालिकाको यस आर्थिक वर्षमा कुल रु. १ अर्ब ६६ करोड ७२ लाख २१ हजार बजेट विनियोजन भएकोमा चालु तर्फ ४९ प्रतिशत, पूँजीगत तर्फ ५०.८० प्रतिशत र वित्तीय व्यवस्था तर्फ ०.२० प्रतिशत बजेट विनियोजन भएको देखिन्छ ।

८ **बजेट तथा पूँजीगत खर्च -** नगरपालिकाको यस आर्थिक वर्षको बजेट र पूँजीगत खर्चको अवस्था देहाय बमोजिम रहेको छ ।

**(रु. हजारमा)**

| **क्र.स.** | **आर्थिक वर्ष** | **बजेट रु.** | **पूँजीगत खर्च रु.** | **बजेटको तुलनामा पूँजीगत खर्चको प्रतिशत** |
|---|---|---|---|---|
| १ | २०७९।८० | ८४,६८,४९ | ४८,०५,६२ | ५६.७५ |

नगरपालिकाले यस वर्ष पूँजीगत तर्फ रु. ८४ करोड ६८ लाख ४९ हजार विनियोजन गरेकोमा रु. ४८ करोड ५ लाख ६२ हजार खर्च गरेको छ, जुन विनियोजित बजेटको तुलनामा ५६.७५ प्रतिशत हुन आउँछ ।

९ **बजेट तथा चालु खर्च -** नगरपालिकाको यस आर्थिक वर्षको बजेट र चालु खर्चको अवस्था देहाय बमोजिम रहेको छ ।

**(रु. हजारमा)**

| **क्र.स.** | **आर्थिक वर्ष** | **बजेट रु.** | **चालु खर्च रु.** | **बजेटको तुलनामा चालु खर्चको प्रतिशत** |
|---|---|---|---|---|
| १ | २०७९/८० | ८१,६८,७२ | ६२,२२,०३ | ७६.१७ |

नगरपालिकाले यस वर्ष चालु तर्फ रु.८१ करोड ६८ लाख ७२ हजार बजेट विनियोजन गरेकोमा रु. ६२ करोड २२ लाख ३ हजार खर्च गरेको छ । जुन विनियोजित बजेटको तुलनामा ७६.१७ प्रतिशत हुन आउँछ ।

१० **मौज्दात रकम** - नगरपालिकाले यस वर्ष चालु तथा पूँजीगत कार्यका लागि रु.१ अर्ब ३२ करोड १ लाख ४१ हजार खर्च गरेको छ भने नगरपालिकाको बैंक खातामा रु. १० करोड ९१ लाख ३५ हजार बैंकमा मौज्दात बाँकी रहेको देखिन्छ ।

११ **अबण्डा बजेट** - नगरपालिकाले यस वर्ष विभिन्न शीर्षकमा रु. ४ करोड बजेट अबण्डा/भैपरी आउने पूँजीगत शिर्षकमा राखी नगरकार्यपालिका र नगर प्रमुखको निर्णयबाट खर्च गर्ने गरेको देखिन्छ। बजेट अवण्डा राखी नगर सभाबाट स्वीकृत नभएका योजनहरुमा नगरकार्यपालिका तथा नगर प्रमुखको निर्णयबाट खर्च गर्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ ।

१२ **क्षेत्रगत बजेट र खर्च** - स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका लागि क्षेत्रगत रुपमा प्राथमिकता प्राप्त क्षेत्रमा बजेट विनियोजन गरी खर्च गर्नुपर्दछ । नगरपालिकाको २०७९।८० को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।

**(रु. हजारमा)**

| **मुख्य क्षेत्र** | **वार्षिक पूँजीगत बजेट रु.** | **खर्च रकम रु.** | **कुल खर्च मध्ये प्रतिशत** |
|---|---|---|---|
| सडक निर्माण तथा मर्मत | ८४,६८,४९ | ३२,०८,८१ | ३७.८९ |
| खानेपानी तथा सरसफाई | | २,३७,६५ | २.८१ |
| भवन निर्माण | | ६,६९,८३ | ७.९१ |
| सम्पदा पूर्वाधार | | २,२७,८५ | २.६९ |

उपरोक्त विवरण अनुसार नगरपालिकाले पूँजीगत बजेट रु. ८४ करोड ६८ लाख ४९ हजार खर्च लेखेकोमा सडक निर्माण तथा मर्मतमा ३७.८९ प्रतिशत, खानेपानी तथा सरसफाईमा २.८१ प्रतिशत, भवन निर्माणमा ७.९१ प्रतिशत र सम्पदा पूर्वाधारमा २.६९ प्रतिशत बजेट खर्च भएको देखिन्छ ।

१३ **सडक निर्माण** - नगरपालिकाले उपलब्ध गराएको विवरण अनुसार यो वर्ष नगरपालिकाले ठेक्का तथा उपभोक्ता समितिबाट सञ्चालित योजनाबाट सडक निर्माणको अवस्था देहाय बमोजिम रहेको छ ।

| **क्र.स** | **योजनाको नाम** | **ईकाई** | **२०७९।८० मा थप** |
|---|---|---|---|
| १. | सडक कालोपत्रे | कि.मि. | ९.६२ |
| २. | सडक/ढलान | कि.मि. | ५.१५ |
| ३. | ग्रावेल | कि.मि. | १३.०९ |
| ४. | नयाँ ट्र्याक | कि.मि. | १५ |

नगरपालिकाले आर्थिक वर्ष २०७९।८० मा ९.६२ किलोमिटर सडक कालोपत्रे, ५.१५ किलोमिटर सडक ढलान, १३.०९ किलोमिटर सडक ग्रावेल, तथा १५ किलोमिटर सडकमा नयाँ ट्र्याक खोल्ने कार्य थप गरेको देखिन्छ ।

१४ **त्रैमासिक पूँजीगत खर्च -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ बमोजिम स्वीकृत भएको कार्यक्रममा अनुसुची २ बमोजिम त्रैमासिक प्रगति विवरण बनाउनु पर्ने व्यवस्था छ । नगरपालिकाले उपलब्ध गराएको विवरण अनुसार यस आर्थिक वर्षमा गरेको पूँजीगत खर्चको स्थिति देहाय बमोजिम रहेको छ ।

| सि.नं. | पूँजीगत खर्च शीर्षक | कुल खर्च | त्रैमासिक खर्च (रु.हजारमा) | | | | आषाढ महिनाको मात्र खर्च |
|---|---|---|---|---|---|---|---|
| | | | प्रथम त्रैमासिक | दोस्रो त्रैमासिक | तेस्रो त्रैमासिक | चौथो त्रैमासिक | |
| १ | संघीय पूँजीगत | ११९९३ | ० | ० | ५०९९ | ६८९४ | ३५८४ |
| २ | प्रदेश पूँजीगत | ४६९५६ | ७५०० | ० | १२४२३ | २७०३३ | १५३८२ |
| ३ | नगरपालिका पूँजीगत | ४२१६१३ | ७६९६५ | ७५०५८ | ८४९०६ | १८४६८४ | १०१६७६ |
| **कूल खर्च** | | **४८०५६२** | **८४४६५** | **७५०५८** | **१०२४२८** | **२१८६११** | **१२०६४२** |
| **खर्च प्रतिशत** | | **१००** | **१७.५८** | **१५.६२** | **२१.३१** | **४५.४९** | **२५.१** |

उल्लेखित विवरण अनुसार चौथो त्रैमासिक पूँजीगत खर्चको ४५.९४ प्रतिशत खर्च भएको देखिन्छ, भने असार महिनामा मात्र २५.१० प्रतिशत खर्च भएको देखिन्छ । त्यसैले चौथो चौमासिक र असार महिनामा बढी खर्च गर्ने कार्यमा ध्यान दिनुपर्दछ । नियमावलीमा त्रैमासिक पूँजीगत खर्च प्रगति तयार गर्नुपर्ने भएता पनि सुत्रमा भने चौमासिक विवरण तयार हुने गरेको देखिन्छ ।

१५ **अनुदान फिर्ता -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४५ मा संघ र प्रदेश सरकारबाट प्राप्त हुने सशर्त अनुदान, विशेष अनुदान र समपुरक अनुदान समबन्धित शिर्षकमा खर्च गर्ने र खर्च गर्न बाँकी रकम सम्बन्धित निकायमा फिर्ता गर्नुपर्ने व्यवस्था रहेको छ । नगरपालिकाले यस वर्ष संघीय र प्रदेश सरकारबाट प्राप्त अनुदानको खर्च र फिर्ता गरेको व्यहोरा देहाय बमोजिम छ ।

| | | | | **(रु. हजारमा)** |
|---|---|---|---|---|
| **अनुदान प्रदान गर्ने निकाय** | **अनुदानको प्रकार** | **प्राप्त रकम** | **खर्च रकम** | **बाँकी रकम** |
| संघीय सरकार | सशर्त | ३७५२९६ | ३२८२२२ | ४७०७४ |
| प्रदेश सरकार | सशर्त | ३२२१६ | २५२९० | ६९२६ |
| | समपुरक | ३०००० | ३०००० | ० |
| | **जम्मा** | **४३७५१२** | **३८३५१२** | **५४०००** |

उपर्युक्त विवरण अनुसार संघीय सरकारबाट रु. ३७ करोड ५२ लाख ९६ हजार अनुदान प्राप्त भएकोमा यस आर्थिक वर्षमा रु. ३२ करोड ८२ लाख २२ हजार खर्च भएको देखिन्छ भने खर्च गर्न बाँकी रकम रु.४ करोड ७० लाख ७४ हजार आर्थिक वर्ष २०८०।८१ मा संघीय संचित कोषमा फिर्ता गरेको देखिन्छ । त्यस्तै प्रदेश सरकारबाट रु. ६ करोड २२ लाख १६ हजार अनुदान प्राप्त भएकोमा यस आर्थिक वर्षमा ५ करोड ५२ लाख ९० हजार बजेट खर्च भइ बाँकी रु.६९ लाख २६ हजार आर्थिक वर्ष २०८०।८१ मा प्रदेश संचित कोषमा फिर्ता गरेको देखिन्छ ।

१६ **योजना छनौट र कार्यान्वयन** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितमूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त योजना छनौट गरी प्राथमिकिकरण गर्नुपर्ने व्यवस्था छ । नगरपालिकाले यस वर्ष कार्यान्वायन गरेका योजनाहरुको विवरण देहाय बमोजिम रहेको छ ।

| | | | **(रु. हजारमा )** |
|---|---|---|---|
| **क्र. सं.** | **विवरण** | **योजना संख्या** | **रकम** |
| १ | रु.१ लाख भन्दा कमका योजना | - | - |
| २ | रु.१ लाख देखि रु.३ लाख सम्मका योजना | - | - |
| ३ | रु.३ लाख देखि माथि रु.५ लाख सम्मका योजना | ४ | १३,७४ |
| ४ | रु.५ लाख देखि माथि रु.१० लाख सम्मका योजना | ५५ | २,८९,५० |
| ५ | रु.१० लाख देखि माथि रु.२५ लाख सम्मका योजना | ९६ | १२,४५,२५ |
| ६ | रु.२५ लाख भन्दा माथीका योजना | ६९ | २७,३१,०० |
| | **जम्मा** | **२२४** | **४२,७९,४९** |

साना तथा टुक्रे योजनामा बजेट विनियोजन गर्दा अपेक्षित उपलब्धी प्राप्त गर्न कठिनाई हुने हुँदा यस्तो कार्यमा नियन्त्रण गरी ठुला र प्राथमिकता प्राप्त योजना तर्जुमा र सञ्चालनमा ध्यान दिनुपर्दछ ।

१७ **ठेक्का बन्दोवस्त** - कार्यालयले उपलब्ध गराएको विवरण अनुसार कार्यालयबाट भएको खरिद व्यवस्थापन सम्बन्धि संक्षिप्त विवरण देहाय अनुसार रहेको छ ।

| कार्यक्रम/ शीर्षक | खरिद सम्झौता (रू. हजारमा ) | | | | | | | | यस बर्ष सम्पन्न | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | कुल जम्मा | | प्रथम चौमासिक | | दोस्रो चौमासिक | | तेस्रो चौमासिक | | | |
| | संख्या | रकम | संख्या | रकम | संख्या | रकम | संख्या | रकम | संख्या | रकम |
| बोलपत्रबाट | ५१ | १६५४६० | ३ | ३४४६८ | १३ | ७९४६७ | २१ | ५१५२५ | ३७ | ८३९७३ |

उल्लेखित विवरण अनुसार यो वर्ष कार्यालयले विभिन्न कार्यको लागि रु. १६ करोड ५४ लाख ६० हजार लागतको ५१ ठेक्का बन्दोवस्त गरेकोमा दोश्रो चौमासिकमा रु. ७ करोड ९४ लाख ६७ हजार र तेश्रो चौमासिकमा रु. ५ करोड १५ लाख २५ हजारको ठेक्का व्यवस्थापन भएको देखिन्छ। यो वर्ष भएको ठेक्का व्यवस्थापन मध्ये वर्षान्त सम्ममा रु. ८ करोड ३९ लाख ७३ हजार बराबरको ३७ ठेक्का सम्पन्न भएको अवस्था छ ।

१८ **निर्माण कार्य व्यवस्थापन -** नगरपालिकाले आर्थिक वर्ष २०७९।८० मा ठेक्का र उपभोक्ता समिति मार्फत सम्झौता गरेको कार्यको विवरण देहाय बमोजिम रहेको छ ।

| **(रु. हजारमा)** | | | | |
|---|---|---|---|---|
| **योजना संख्या** | **ठेक्का मार्फत** | | **उपभोक्ता समिति मार्फत** | |
| | **संख्या** | **रकम** | **संख्या** | **रकम** |
| २२४ | ५१ | १६,५४,६० | १४३ | १३,६४,५५ |

यस आर्थिक वर्षमा नगरपालिकाले सञ्चालन गरेका कुल २२४ योजनामा मध्ये ठेक्का मार्फत ५१ वटा योजनामा रु. १६ करोड ५४ लाख ६० हजार खर्च गरेको छ भने उपभोक्ता समिति मार्फत सञ्चालित १४३ योजनाहरु रु. १३ करोड ६४ लाख ५५ हजारमा सम्झौता गरेको देखिन्छ । अर्थात २२४ योजनाहरु मध्ये ५४.८० प्रतिशत योजना ठेक्का प्रक्रिया र ४५.२० प्रतिशत रकम उपभोक्ता समिति मार्फत् खर्च गरेको देखिन्छ । नगरपालिकाले निर्माण कार्य गर्दा प्रतिस्पर्धात्मक प्रणाली, निर्माण कार्यको गुणस्तर, सोको दिगोपना, उपभोक्ता समितिको क्षमता, निर्माण कार्यको प्रकृति लगायतका कुराहरुको समेत विचार गरी निर्माण कार्य सञ्चालन एंव व्यवस्थापन गर्न ध्यान दिनुपर्दछ ।

१९ **ठेक्का प्रतिस्पर्धा -** नगरपालिकामा यस आर्थिक वर्षमा भएका ठेक्का मध्ये केहीको प्रतिस्पर्धाको विवरण देहाय बमोजिम रहेको छ ।

| क्र. स. | योजनाको नाम | प्रतिस्पर्धी गर्ने संख्या | लागत अनुमान (भ्याट बाहेक ) | कबोल रकम | घटी प्रतिशत | ठेक्का परेको बोलपत्रदाता |
|---|---|---|---|---|---|---|
| १ | Upgrading of Gorakhnath Satiban Punyamata Corridor | २५ | १६१०४३९१.१२ | १०१८४७८० | ३६.७६% | Gauri Shankar Nirman Sewa |
| २ | Upgrading of Trivenighat Khopasi Bridge Roshi Corridor | २९ | १६७३०६७१ | ९८५६२३५ | ४१.०९% | Prakash Construction |
| ३ | Upgrading of Bhaleshwor Bridge Dam to Jholunge pul Roshi Corridor | २६ | १७१४५९१०.८२ | ९९८३२३५.६ | ४१.७७% | Nabodita Construction Pvt. Ltd. |
| ४ | Upgrading of Parkhalchaur Fushramata Neurekhola road | ३ | ४२७३०३५ | ३५४३८१९.४५ | १७.०७% | Januka Nirman Sewa |
| ५ | Upgrading of boksedaha darimbot,chalise chhinabhanjyang nayagaun, kushadevi chapabot road | ५ | ९९९३४७७.२८ | ६९६९८७९.२५ | ३०.२६% | Nabodita Construction Pvt. Ltd. |
| ६ | Upgrading of Nayapul Pipalbot Road | ४ | २१४१३८०.४३ | १५८६२९५ | २५.९२% | Nabodita Construction Pvt. Ltd. |
| ७ | Upgrading of Chitidole, gothedevi ward office road | १ | ९३२३०८०.४१ | ५८५३१४२.१५ | ३७.२२% | Gravity Construction and Engineering Company Pvt. Ltd. |
| ८ | Upgrading of khahare khola bahungaun raatmate patichaur road | ३ | ४३०६७७५.८३ | २३३६६९०.४ | ४५.७४% | Gravity Construction and Engineering Company Pvt. Ltd. |
| ९ | Extention of Sunthan PHC | १ | ४८५७९९६.६१ | ४०९३९२९ | १५.७३% | Greenhill Planner and Construction Pvt. Ltd. |
| १० | Upgrading of Roshi Kalati road | ९ | ४२९००१२.८१ | २५८२२०५ | ३९.८१% | Kabi and Gurung Construction Pvt. Ltd. |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ११ | Upgrading of Different Roads of Ward 8 | १० | ९०८३८४६.९२ | ५७६६४८३.९२ | ३६.५२% | Prakash Construction |
| १२ | Upgrading of Sahakali danda and setidevi road | ५ | २५८०८५९.८ | १८३७८७७.३ | २८.७९% | Tongsang Kunda Builders |
| १३ | Upgrading of Different roads of Ward 9 | ८ | ८६५३८५३.१५ | ५५२६०२० | ३६.१४% | Satarupa Nirman Sewa |
| १४ | Upgrading of Ladkeshwor and Dhungana danda road | ४ | ४७६९४६०.५७ | ३३६१०६६.१ | २९.५३% | Tongsang Kunda Builders |
| १५ | Upgrading of Panauti Basdole Bhaisepati Road | ५ | ३०७४०३९४.६६ | १८५३२७८६ | ३९.७१% | Joshi G Construction Pvt. Ltd. |
| १६ | Upgrading of Dhalmale Chaukot to Dhulikhel Road | ७ | ५१२०३८४.०७ | ३०७३२८५ | ३९.९८% | Subodita Construction Pvt. Ltd. |

उपर्युक्त विवरण अनुसार नगरपालिकाले ठेक्का बन्दोबस्त गर्दा सबै भन्दा बढी खहरेखोला बाहुनगाउँ रातमाटे पाटीचौर सडक योजनामा लागत अनुमानको तुलनामा ४५.७४ प्रतिशत घटीमा रहेको छ भने पर्खालचौर फुस्रामाटा निहुरेखोला सडक निर्माण कार्यमा लागत अनुमानको तुलनामा १७.१७ प्रतिशत घटीमा ठेक्का सम्झौता भएको छ ।

२० **परामर्श सेवा खरिद -** नगरपालिकाबाट प्राप्त विवरण अनुसार आर्थिक वर्ष २०७९/८० मा परामर्श सेवा (डि.पि.आर. समेत) वापत रु. ३ लाख ६९ हजार भुक्तानी गरेकोमा सोको विवरण देहाय बमोजिम रहेको छ ।

| **क्र.स.** | **कामको विवरण** | **परार्मशदाताको नाम** | **लागत अनुमान रु.** | **सम्झौता रकम रु.** | **घटी प्रतिशत** | **खरिद विधि** |
|---|---|---|---|---|---|---|
| १ | खर्कचौर शहिदपार्क रानीकोट लाँकुरी भन्ज्याङ्ग सडकको डिपिआर तयारी | प्लाटफर्म इन्जिनियरिङ कन्स्ट्रक्सन एण्ड कन्सल्टेन्सी प्रा.लि. | ४१५८३२.९४ | ३६९३६० | ११.२ | सोझै खरिद |

उपरोक्त विवरण अनुसार नगरपालिकाले यस वर्ष बलखी जिरो किलो सडक कार्यको लागि सोझै खरिद विधिबाट एउट परामर्श सेवा खरिदका लागि जम्मा रु.४ लाख १६ हजारको लागत अनुमान तयार गरी रु.३ लाख ६९ हजारमा सम्झौता गरेको देखिन्छ ।

२१ **मन्दिर गुम्बा र चर्च निर्माण -** नगरपालिका भित्र रहेका मन्दिर गुम्बा र चर्चको विवरण देहाय बमोजिम रहेको छ ।

| क्र.सं. | धार्मिक स्थलको प्रकार | आर्थिक वर्ष २०७९।८० सम्मको संख्या |
|---|---|---|
| १. | मन्दिर | १५३ |
| २. | गुम्बा | ११ |
| ३. | चर्च | २ |
| | **जम्मा** | **१६६** |

उपरोक्त विवरण अनुसार नगरपालिका भित्र आर्थिक वर्ष २०७९।८० सम्म मन्दिर १५३ वटा, गुम्बा ११ वटा र चर्च २ गरी जम्मा १६६ वटा रहेका छन् ।

२२ **कानुन निर्माण** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाउनुपर्ने व्यवस्था अनुसार नगरपालिकाले हालसम्म देहाय बमोजिम कानून निर्माण गरी कार्यान्वयनमा ल्याएको छ।

| सि.नं. | विवरण | संख्या |
|---|---|---|
| १. | ऐन | १४ |
| २. | नियमावली | ४ |
| ३. | कार्यविधि तथा निर्देशिका | ३० |
| **जम्मा** | | **४८** |

नगरपालिकाले आर्थिक वर्ष २०७९।८० सम्म १४ ऐन, ४ नियमावली र ३० कार्यविधि तथा निर्देशिका गरी जम्मा ४८ वटा कानुन निर्माण गरी कार्यान्वायनमा ल्याएको देखिन्छ ।

२३ **न्यायीक समिति** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार मुद्दा दर्ता र फछ्र्यौटको कारबाही देहाय बमोजिम रहेको छ ।

| गत वर्षबाट सरेका विवाद | यस वर्ष दर्ता भएको | जम्मा | फछ्र्यौट/कारबाही भएका विवाद | फछ्र्यौट/कारबाही हुन बाँकी विवाद |
|---|---|---|---|---|
| २१ | २० | ४१ | ३६ | ५ |

न्याय सम्पादन प्रक्रियालाई छिटो र प्रभावकारी बनाई ऐनले तोकेको म्यादभित्र फछ्र्यौट वा कारबाही टुङ्गो लगाउने तर्फ ध्यान दिनुपर्दछ ।

२४ **सेवाप्रवाह स्थिति** - नगरपालिकाले आर्थिक वर्ष २०७९।८० मा निम्न विषयमा २,४५८ जनालाई देहाय बमोजिम पञ्जिकरण सेवा प्रदान गरेको छ ।

| **विवरण** | **सेवा संख्या** |
|---|---|
| जन्म दर्ता | १०९७ |
| मृत्यु दर्ता | ४३७ |
| बसाईसराई दर्ता | २२१ |
| विवाह दर्ता | ६३४ |
| सम्बन्ध विच्छेद दर्ता | ६९ |
| **जम्मा** | **२४५८** |

२५ **भूमिहिन दलित र सुकुम्बासी तथा अव्यवस्थित बसोबासको लगत संकलन** - यस सम्बन्धमा लेखापरीक्षण अवधिसम्म नगरपालिकाले सम्बन्धित वडा मार्फत् संकलन गरेको निम्नानुसारको निवेदन संकलन गरेको छ ।

| **क्र.स.** | विवरण | घरधुरी संख्या |
|---|---|---|
| १ | भूमिहिन दलित | २८ |
| २ | भूमिहिन सुकुम्बासी | १११ |
| ३ | अव्यवस्थित बसोबासी | १०८ |
| **जम्मा निवेदन** | | **२४७** |

उपरोक्त विवरण अनुसार नगरपालिकामा भूमिहिन दलितका २८, भूमिहिन सुकुम्बासीका १११ र अव्यवस्थित बसोबासीका १०८ गरी जम्मा २४७ वटा निवेदन संकलन भएको देखिन्छ । नगरपालिकामा संकलन भएका निवेदनहरु छनौट गर्ने तथा जग्गा उपलब्ध गराउने कार्य गर्ने प्रकृयमा रहेको जानकारी प्राप्त भएको छ ।

२६ **दरबन्दी र पदपूर्ती** - नगरपालिका अन्तर्गत स्वीकृत कर्मचारी दरबन्दी, पदपूर्ती र यस सम्बन्धी देखिएका व्यहोराहरु निम्नानुसार रहेका छन् ।

| **क्र.स.** | **स्वीकृत पद** | **स्वीकृत दरबन्दी संख्या** | **पदपूर्ती** | | **पदपूर्ती बाँकी** |
|---|---|---|---|---|---|
| | | | **स्थायी** | **करार** | |
| १ | नवौं/दशौं | ३ | २ | ० | १ |
| २ | आठौं तह | ३ | ३ | ० | ० |
| ३ | सातौ तह | ५ | ३ | ० | २ |
| ४ | छैठौं तह | १८ | १३ | ५ | ० |
| ५ | पाँचौं तह | ३७ | २६ | ४ | ७ |
| ६ | चौथौ तह | २३ | ४ | १९ | ० |
| ७ | तेश्रो तह | १ | १ | ० | ० |

| | | | | | |
|---|---|---|---|---|---|
| ८ | कार्यालय सहयोगी, कुचिकार/सरसफाइ कर्मचारी | २८ | ७ | २१ | ० |
| ९ | सवारी चालक | ८ | १ | ७ | ० |
| **जम्मा** | | **१२६** | **६०** | **५६** | **१०** |

उपरोक्त विवरण अनुसार नगरपालिकामा विभिन्न पदहरुको लागि १२६ दरबन्दी स्वीकृत भएकोमा ६० पद स्थायी र ५६ पद करारमा गरी जम्मा ११६ पदपूर्ती भएको देखिन्छ भने लेखापरीक्षणको समय सम्म १० पदहरु रिक्त रहेको देखिन्छ । नगरपालिकामा रिक्त रहेका पद तथा करारमा रहेका पदहरु स्थायी पदपूर्ती गरी गुणस्तरिय सेवा प्रवाह गर्ने तर्फ ध्यान दिनुपर्दछ ।

२७ **तलबी प्रतिवेदन -** स्थानीय सेवा गठन तथा सञ्चालन ऐन, २०७९ को दफा ६९(५) अनुसार प्रदेश किताबखाना वा प्रदेश लेखा नियन्त्रक कार्यालय वा इकाई कार्यालबाट तलबी प्रतिवेदन पारित नगराई तलब भुक्तानी गर्न नहुने व्यवस्था छ । तर नगरपालिकाले यस वर्ष नगरसभाबाट तलबी प्रतिवेदन पारित गरी ६० स्थायी कर्मचारीलाई रु.३ करोड २१ लाख ५६ हजार तलब भुक्तानी गरेको छ । नगरपालिकाले प्रचलित कानूनी व्यवस्था अनुसार तलबी प्रतिवेदन पारीत गर्न ध्यान दिनुपर्दछ ।

२८ **स्वीकृती बेगरको सफ्टवेयर सञ्चालन -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ६२(३) अनुसार उपदफा (२) बमोजिम विकास गरिएको प्रणालीमा समावेश नभएको वा पर्याप्त नभएको कुनै प्रणाली विकास गर्नुपर्ने भएमा तोकिए बमोजिम महालेखा नियन्त्रक कार्यालयको स्विकृति लिनुपर्ने व्यवस्था छ । तर नगरपालिकाले महालेखा नियन्त्रक कार्यालयको स्वीकृती बेगर आन्तरिक आय संकलनका लागि सांग्रिला इन्फोसिस प्रा.लि., काठमाण्डौको सूचना प्रणाली प्रयोग गरी यस वर्ष रु.४२ करोड १ लाख ४४ हजार राजस्व आम्दानी गरेको देखाएको छ । स्वीकृती बेगरको त्यस्तो सफ्टवेयर प्रयोग गर्दा उक्त प्रणालीको सुरक्षा, आन्तरिक आयको यथार्थता, त्यसले तयार गर्ने प्रतिवेदनको विस्वसनीयता र सम्भाव्य जाखिम बारे समेत आश्वस्त हुन सक्ने अवस्था देखिएन । त्यसैले तोकिएको कानूनी व्यवस्थाको पालनामा ध्यान दिनुपर्दछ ।

२९ **कर संकलन -** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ । नगरपालिकाको यस वर्ष आन्तरिक आयको अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ ।

| आय शीर्षक | अनुमान रु. | संकलन रु. | अनुमानको तुलनामा संकलन प्रतिशत |
|---|---|---|---|
| आन्तरिक आय | ४३,५०,३९,००० | ४२,०१,४३,८२५ | ९६.५७ |

उपरोक्त विवरण अनुसार नगरपालिकाले यस वर्ष आन्तरिक आयको अनुमान रु. ४३ करोड ५० लाख ३९ हजार गरेकोमा आन्तरिक आयको संकलन रु.४२ करोड १ लाख ४३ हजार गरेको देखिन्छ जुन

राजश्व संकलनको अनुमानको तुलनामा तुलनामा ९६.५७ प्रतिशत आन्तरिक आय संकलन गरेको देखिन्छ ।

३० **खर्च र आन्तरिक आयको विश्लेषण -** नगरपालिकाको यस आर्थिक वर्षको खर्च र आन्तरिक आयको विवरण देहाय बमोजिम रहेको छ ।

| क्र.स. | आर्थिक वर्ष | नगरपालिकाको जम्मा खर्च रु. | आन्तरिक आय रु. | खर्च र आन्तरिक आयको प्रतिशत |
|---|---|---|---|---|
| १ | २०७९।८० | १,१०,५७,६५,७२६.११ | ४२, ०१ , ४३ , ८२५ | ३८ |

नगरपालिकाको यस आर्थिक वर्षको जम्मा खर्च रु.१ अर्ब १० करोड ५७ लाख ६५ हजार रहेको छ, भने राजश्व संकलन रु. ४२ करोड १ लाख ४३ हजार गरेको छ जुन खर्चको तुलनामा ३८ प्रतिशत हुन आउँछ ।

३१ **करको दायरा -** आर्थिक वर्ष २०७९/८० सम्ममा सम्पत्ति र व्यवसाय कर तिर्ने करदाताको विवरण देहायनुसार रहेको छ ।

| करको नाम | जम्मा करदाता | कर तिर्ने करदाता | कर तिर्ने करदाताको प्रतिशत | करको दायरामा नआएका करदाता | कर नतिर्ने करदाताको प्रतिशत |
|---|---|---|---|---|---|
| सम्पत्ति कर | २९९८८ | १८३२८ | ६१.११ | ११६६० | ३८.८९ |
| व्यवसाय कर | २००३ | ५९९ | २९.९ | १४०४ | ७०.१ |

सम्पत्तिकर तर्फ ३८.८९ प्रतिशत, व्यवसायकर तर्फ ७०.१० प्रतिशत करदाता करको दायराभन्दा बाहिर रहेको देखियो । अतः नगरपालिका भित्र रहेका सम्पूर्ण करदातालाई करको दायरा, क्षेत्र र करको दर समेतको विश्लेषण गरी नगरपालिकाबाट प्रवाह हुने सेवासँग करदाताको प्रत्यक्ष सम्बन्ध स्थापित हुने गरी नीति तथा कार्यक्रम संचालनमा ध्यान दिनुपर्दछ ।

३२ **आन्तरिक आय र राजस्व बाँडफाँड -** नगरपालिका क्षेत्र भित्र रहेका विभिन्न खानीहरुबाट उत्पादन र उग्राभेल, रोडा, गिट्टी, बेस, बालुवा, माटो, डष्ट आदीको बिक्री/श्रोत उपयोग शुल्क संकलनका लागि नगरपालिकाले ५ पटक सम्म न्यूनतम् कबोल अंक मू.अ. कर बाहेक रु.३२ करोड ७६ लाख कायम गरी ठेक्का आह्वान गरेता पनि कुनै पनि प्रस्ताव पेश नभएका कारण अमानतबाट मू.अ.कर बाहेक रु.३१ करोड ७९ लाख १३ हजार ६१९ राजस्व संकलन गरेकोमा देखिएका प्रमुख व्यहोराहरु देहाय बमोजिम छन् ।

३२.१ प्रदेश आर्थिक ऐन, २०७९ को दफा ९(६) अनुसार उपदफा (३) बमोजिम स्थानीय विभाज्य कोषमा जम्मा भएको रकम बाँडफाँड गरी ६० प्रतिशत स्थानीय तहको संचित कोष र ४० प्रतिशत प्रदेश संचित

कोषमा दाखिला गर्नुपर्ने उल्लेख छ । तर नगरपालिकाले यस वर्ष प्राप्त गरेको देहाय बमोजिमको रकम प्रदेश संचित कोषमा दाखिला गरेको छैन ।

| विवरण | संकलित रकम (मू.अ.कर बाहेक) | प्रदेशलाई पठाउनु पर्ने रकम | पठाएको रकम | पठाउनु पर्ने रकम |
|---|---|---|---|---|
| ढुंगा, गिटी निकासी | ३१७९१३६१९ | १२७१६५४४७ | ० | १२७१६५४४७ |

३२.२ स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६२क(३) अनुसार उपदफा (१) र (२) बमोजिम बिक्री वापत प्राप्त रकम गाँउनगरपालिका तथा नगरपालिकाको संचित कोषमा जम्मा गर्नुपर्ने व्यवस्था छ । तर प्रदेश आर्थिक ऐन, २०७९ को दफा ९(४) अनुसार उपदफा (१) र (२) बमोजिमको शुल्क र जरिवाना स्थानीय तहको विभाज्य कोषमा जम्मा गर्नुपर्ने उल्लेख छ । त्यसैले संघीय कानून र प्रदेश कानूनमा रकम जम्मा गर्ने कोष फरक फरक उल्लेख भएको र संघीय ऐनमा उल्लेख भएको स्थानीय संचित कोषमा दाखिला भएको रकम बाँडफाँड नगरेको नगरपालिकाको भनाई रहेको छ ।

३३ **रोयल्टी बाँकी -** नगरपालिकाको आर्थिक ऐन, २०७९ ले तोके अनुसार आर्थिक वर्ष २०७९/८० मा ढुङ्गा, गिट्टी, ग्राभेल लगायतका खानीजन्य पदार्थको बिक्री वापत देहायका कम्पनीसँग लिन बाँकी रहेको रोयल्टी तथा स्थानीय शुल्क असूल गरी राजस्व दाखिला गर्नुपर्ने रु.

| सि.नं. | फर्मको नाम | विवरण | रकम रु. |
|---|---|---|---|
| १. | रोशी खोला रोडा ढुङ्गा उद्योग प्रा.लि. | रोयल्टी र स्थानीय विकास शुल्क | १,३४,६११।७५ |
| | | **जम्मा** | **१,३४,६११।७५** |

✂ ........... ***(प्रारम्भिक प्रतिवेदन उपर असूल भई प्रमाण पेश भएको आधारमा मिति २०८०।१२।१० को निर्णयबाट रु.३,००,००० सम्परीक्षण गरिएको ।)***

| | |
|---|---|
| असुल गर्नुपर्ने | १,३४,६११.७५ |

३४ **सहकारी तर्फ -**

३४.१ **सहकारी संस्थाको विवरण -** नगरपालिकामा यस आर्थिक वर्षमा सहकारी संस्थाको विवरण देहाय बमोजिम रहेको छ ।

| सहकारी संस्थाको किसिम | सहकारी संख्या | सदस्य संख्या | शेयर पूँजी रु.हजारमा | बचत रु. | ऋण लगानी रु. | जगेडा कोष |
|---|---|---|---|---|---|---|
| वचत तथा क्रृण सहकारी संस्था लि. | ५५ | १०५६४ | १६०३२९ | १४१४७८५ | १५१५२६७ | विवरण उपलब्ध नभएको । |
| बहुउदेश्यीय सहकारी संस्था लि. | १० | | | | | |
| कृषि सहकारी संस्था लि. | १८ | | | | | |
| दुग्ध सहकारी संस्था लि. | २८ | | | | | |
| अन्य | ६ | | | | | |
| **जम्मा** | **११७** | **१०५६४** | **१६०३२९** | **१४१४७८५** | **१५१५२६७** | |

नगरपालिकामा यस आर्थिक वर्ष सम्म ५५ वटा सहकारी संस्थामा १०५६४ शेयर सदस्य रहेको देखिन्छ । उक्त ५५ वटा सहकारी संस्थामा शेयर पूँजी रु. १६ करोड ३ लाख २९ हजार, बचत रु. १ अर्ब ४१ करोड ४७ लाख ८५ हजार, ऋण लगानी रु. १ अर्ब ५१ करोड ५२ लाख ६७ हजार रहेको देखिन्छ ।

३४.२ **सहकारी संस्थाको अनुगमन -** नगरपालिकाले उपलब्ध गराएको विवरण अनुसार नगरपालिका भित्र संचालनमा रहेका सहकारी संस्थाको नगरपालिकाले अनुगमन नियमन गर्ने आवश्यक कानून तर्जुमा गरी कार्यान्वयनमा लाएको छैन । त्यसैले सहकारीका सदस्यहरुको हित र बचत रकमको सुरक्षा तथा लगानीमा हुन सक्ने दुरुपयोग रोक्न उपयुक्त कानूनी व्यवस्था कार्यान्वयनमा ल्याई सहकारी संस्थाहरुको नियमित र सघन अनुगमन गर्ने कार्यमा ध्यान दिनुपर्दछ ।

३५ **विद्यालय र विद्यार्थी संख्या -** नगरपालिकाले तयार पारेको शैक्षिक सत्र २०८० को विवरण अनुसार देखिएका व्यहोराहरु देहाय बमोजिम रहेका छन् ।

| क्र.सं. | विद्यालयको किसिम | विद्यालय संख्या | विद्यार्थी संख्या |
|---|---|---|---|
| १ | सामुदायिक विद्यालय | ३४ | ५६७२ |
| २ | संस्थागत विद्यालय | २२ | ६९६१ |
| | **जम्मा** | **५६** | **१२६३३** |

उपरोक्त विवरण अनुसार नगरपालिकाको जम्मा विद्यार्थी संख्या १२६३३ जना रहेकोमा ४४.९० प्रतिशत सामुदायिक र ५५.१० प्रतिशत विद्यार्थी संस्थागत विद्यालयमा अध्यनरत रहेको देखिन्छ ।

३६ **सामुदायिक विद्यालयको दरबन्दी र पदपुर्ती -** आर्थिक वर्ष २०७९।०८० मा नगरपालिका भित्रका ३४ वटा सामुदायिक विद्यालयको शिक्षक दरबन्दी र पदपूर्तीको अवस्था देहाय बमोजिम रहेको छ ।

| विद्यालयको किसिम | दरबन्दी संख्या | स्थायी पदपूर्ती | पदपूर्ती मध्ये राहत | पदपूर्ती मध्ये करार | रिक्त दरबन्दी |
|---|---|---|---|---|---|
| सामुदायिक | ३१० | २३३ | ६० | १७ | ५ |

उक्त विवरण अनुसार नगरपालिकामा जम्मा ३१० दरबन्दी रहेकोमा २३३ जना स्थायी पदपूर्ती र ६० जना राहत १७ जना करारमा नियुक्त गरी जम्मा ३०५ पदपूर्ती गरेको देखिन्छ भने लेखापरीक्षणको समय सम्म पनि ५ पद रिक्त रहेका छन । नगरपालिकाले विद्यालय संख्याका आधारमा सृजना गरेका पदहरुमा स्थायी पदपूर्ती गरी सामुदायिक विद्यालयको शैक्षिक गुणस्तरमा सुधार गर्ने तर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

३७ **शिक्षक विद्यार्थी अनुपात -** संघीय व्यवस्था अनुसार विद्यार्थी शिक्षक अनुपात हिमाली भेगमा १:४०, पहाडी भेगमा १:४५ र तराई भेगमा १:५० रहने व्यवस्था छ । नगरपालिकाबाट प्राप्त विवरण अनुसार आर्थिक वर्ष २०७९।८० मा केही विद्यालयहरुको शिक्षक विद्यार्थी अनुपातको अवस्था देहाय बमोजिम छ ।

| क्र.स. | विद्यालय नाम | शिक्षक संख्या | विद्यार्थी संख्या | शिक्षक विद्यार्थी अनुपात |
|---|---|---|---|---|
| १. | श्री लड्केश्वर आधारभूत विद्यालय | १ | ७६ | १:७६ |
| २. | श्री कमलादेवी जनप्रिय मा.वि. | १५ | ११२ | १:०७ |
| ३. | श्री महाँकाल प्रा.वि. | २ | १७ | १:८ |
| ४. | श्री इन्द्रादेवी आधारभूत विद्यालय | ६ | ९० | १:१५ |
| ५. | श्री लालीगुराँस प्राथमिक विकास | ४ | ३३ | १:८ |
| ६. | श्री फुल्चोकी आधारभूत विद्यालय | ९ | ८४ | १:९ |
| ७. | श्री विहावर आधारभूत विद्यालय | १० | ६४ | १:६ |
| ८. | श्री कुशादेवी माध्यामिक विद्यालय | २७ | ६०९ | १:२२ |
| ९. | श्री भालेश्वर माध्यामिक विद्यालय | २१ | ८७६ | १:४२ |
| १०. | श्री सुर्य प्राथमिक विद्यालय | २ | १४ | १:७ |
| ११. | श्री भालचन्द्र माध्यामिक विद्यालय | १३ | २४७ | १:२२ |
| | **जम्मा** | **३१९** | **५६७२** | **१:१८** |

नगरपालिकाले उपलब्ध गराएको विवरण अनुसार समग्र नगरपालिकाका ३४ वटा विद्यालय ३१९ जना शिक्षक र ५६७२ जना विद्यार्थी रहेकोमा औषत शिक्षक विद्यार्थी अनुपात १:१८ रहेको छ ।

३८ **शिक्षक दरबन्दी मिलान र विद्यालय समायोजन -** नगरपालिकाको औषत शिक्षक विद्यार्थी अनुपात १:१८ रहेकोमा सार्वजनिक विद्यालय समायोजन एवं एकिकरण कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७७ र शिक्षक दरबन्दी ( मिलान तथा व्यवस्थापन ) कार्यविधि, २०७६ अनुसार संघीय कानूनले तोके बमोजिम विद्यालय समायोजन एवं शिक्षक दरबन्दी मिलानको कार्य गरेको पाईएन । त्यसैले आवश्यकता र औचित्य समेतलाई

विचार गरी प्रचलित कानून अनुसार विद्यालय समायोजन एवं शिक्षक दरबन्दी मिलान तर्फ सम्बन्धित निकायहरुले ध्यान दिनुपर्दछ ।

३९ **प्रति विद्यार्थी लागत -** नगरपालिकाबाट प्राप्त विवरण अनुसार आर्थिक वर्ष २०७९/८० को प्रति विद्यार्थी लागत देहाय बमोजिम रहेको छ ।

| बजेट विवरण | बजेट रकम रु. | खर्च रकम रु. | विद्यार्थी संख्या | प्रति विद्यार्थी लागत रु. |
|---|---|---|---|---|
| शिक्षा क्षेत्रको कुल बजेट | २९,८७,१२,००० | २६,३२,२९,००० | ५,६७२ | ४६,४०८ |

उपरोक्त विवरण अनुसार नगरपालिकाको सामुदायिक विद्यालयको प्रति विद्यार्थी लागत रु. ४६,४०८ रहेको छ ।

४० **शैक्षिक गुणस्तर -** नगरपालिका अन्तर्गत रहेका विद्यालयहरुको २०७९ सालको एस.ई.ई. परीक्षामा सामुदायिक विद्यालयबाट ४४४ जना र संस्थागतबाट ३८५ जना समेत जम्मा ८२९ विद्यार्थीको सहभागी भएकोमा नतिजाका आधारमा सामुदायिक र संस्थागत विद्यालयको तुलना देहाय बमोजिम रहेको छ।

| क्र.स. | जिपिए | उत्तिर्ण विद्यार्थी संख्या | | उत्तिर्ण प्रतिशत | |
|---|---|---|---|---|---|
| | | संस्थागत | सामुदायिक | संस्थागत | सामुदायिक |
| १ | ३.६१ - ४.०० | ७६ | १ | ९.१७ | ०.१२ |
| २ | ३.२१ - ३.६० | ३० | १५७ | ३.६१ | १८.९४ |
| | **जम्मा** | **१०६** | **१५८** | **१२.८** | **१९.०६** |

उल्लेखित तालिका अनुसार ३.६१-४.०० जिपिए ल्याउने ७७ विद्यार्थी मध्ये १ जना, ३.२१-३.६० जिपिए ल्याउने १८७ विद्यार्थी मध्ये १५७ जना मात्र सामुदायिक विद्यालयबाट उत्तिर्ण भएको देखिन्छ । जसअनुसार उच्च जिपिए ल्याउने विद्यार्थी सामुदायिक विद्यालयमा न्यून देखिएकाले सामुदायिक शिक्षा/विद्यालयको गुणस्तर सुधारमा थप ध्यान दिनुपर्ने देखिन्छ ।

४१ **संस्थागत विद्यालयको छात्रवृत्ति -** संघीय शिक्षा ऐन, २०२८ को दफा १६ ञ र पनौती नगरपालिका नगर शिक्षा ऐन, २०७५ को दफा ३८ बमोजिम संस्थागत विद्यालयले कुल विद्यार्थीको १० प्रतिशत छात्रवृत्ति विपन्न एवं सिमान्तकृत विद्यार्थीलाई उपलब्ध गराउनु पर्ने व्यवस्था छ । साथै नगर शिक्षा नियमावलीको नियम ३९ बमोजिम छात्रवृत्ति उपलब्ध गराएका विद्यार्थीहरुको नाम, थर, कक्षा तथा निजको बाबु आमाको नाम, थर, वतन सहितको विवरण विद्यालयले विद्यालयको सूचना पाटी टाँस गर्ने एवं विद्यालयको वेभसाइट भएमा त्यसमा राखी सार्वजनिक गर्नुपर्ने उल्लेख छ । साथै त्यस्तो विवरण शिक्षा शाखामा समेत पठाउनु पर्ने व्यवस्था छ । यस सम्बन्धमा देखिएका प्रमुख व्यहोराहरु देहाय बमोजिम रहेका छन् ।

| क्र.सं. | विद्यालय | विद्यालय संख्या | विद्यार्थी संख्या | छात्रवृत्ति प्राप्त गर्नुपर्ने विद्यार्थी संख्या |
|---|---|---|---|---|
| १ | संस्थागत | २२ | ६९६१ | ६९६ |

अतः संस्थागत विद्यालयले तोकिए बमोजिम छात्रवृत्ति प्रदान गरे नगरेको सुनिश्चित हुने तर्फ थप ध्यान दिनुपर्ने देखिन्छ ।

४२ **संस्थागत विद्यालयको शुल्क निर्धारण र त्यसको अनुगमन -** नगरपालिकाको शिक्षा ऐन, २०७५ को दफा ५१ मा तोकिए बमोजिम संस्थागत विद्यालयले शुल्क निर्धारण गर्ने तथा सो बमोजिम शुल्क निर्धारण गरे नगरेको नगरपालिकाले अनुगमन गर्ने व्यवस्था छ । तर नगरपालिकाले संस्थागत विद्यालयको शुल्क निर्धारण र त्यसको अनुगमन सम्बन्धी कार्य गरेको पाइएन ।

४३ **स्वास्थ्य तर्फ-** नगरपालिकामा आर्थिक वर्ष २०७९।८० मा संचालनमा रहेका स्वास्थ्य संस्थाको दरबन्दी पदपूर्ती र सेवा प्रवाहको अवस्था देहाय बमोजिम रहेको छ ।

| स्वास्थ्य संस्थाको किसिम | स्वास्थ्य संस्थाको संख्या | दरबन्दी | पदपूर्ती | सेवाग्राहीको संख्या | दीर्घ रोगी, मानसिक रोगी समेत औषधी वितरण रु. |
|---|---|---|---|---|---|
| स्वास्थ्य केन्द्र/ चौकी | १० | ७२ | ७७ | ८५६९९ | ३५५१४३८ |
| सामुदायिक स्वास्थ्य ईकाइ | ४ | १२ | १४ | | |
| नगरपालिका | | ३ | ३ | | |
| **जम्मा** | **१४** | **८७** | **९४** | | |

उक्त विवरण अनुसार नगरपालिकामा जम्मा १० स्वास्थ्य केन्द्र/चौकी र ४ सामुदायिक स्वास्थ्य ईकाइ गरी जम्मा १४ स्वास्थ्य संस्थामा कुल ८७ दरबन्दी रहेकोमा हाल ७२ पद स्थायी र २२ करारमार्फत पूर्ती गरी सेवा प्रवाह गर्ने गरेको देखिन्छ । सामुदायिक स्वास्थ्य ईकाइमा नगरपालिकाले दरबन्दी स्वीकृत नगर्दा करार मार्फत रिक्त पदहरु पूर्ती गरेको देखिन्छ ।

४४ **अनुदान व्यवस्थापन -** नगरपालिकाबाट प्राप्त विवरण अनुसार यस वर्ष कृषि पशु लगायतका क्षेत्रमा देहाय बमोजिम अनुदान वितरण गरेको छ ।

| क्र.स. | अनुदानको क्षेत्र | कार्यक्रम संख्या | अनुदान रकम रु. |
|---|---|---|---|
| १ | कृषि तर्फ (तरकारी बाली पकेट विकास कार्यक्रम र मकै बाली प्रबर्धन कार्यक्रम) | २ | १९,७३,७७० |
| २ | पशु तर्फ (पशुपन्छी विमामा अनुदान वितरण कार्यक्रम) | १ | २१,८९,०७१ |
| **जम्मा** | | **३** | **४१,६२,८४१** |

उपरोक्त विवरण अनुसार यस वर्ष नगरपालिकाले कृषि तर्फ २ कार्यक्रममा रु. १९ लाख ७३ हजार र पशु तर्फ १ कार्यक्रममा रु. २१ लाख ८९ हजार समेत गरी जम्मा रु. ४१ लाख ६३ हजार अनुदान वितरण गरेको छ । अनुदान वितरण गर्दा संघीय र प्रदेश सरकारसंग दोहोरो नपर्ने तथा कार्यक्रम संचालनको दिगोपना सुनिश्चित गर्ने तर्फ ध्यान दिनुपर्दछ ।

४५ **लम्पी स्किन -** नगरपालिकामा रहेका पशु चौपायाको संख्या र लम्पी स्किनले पारेको प्रभाव देहाय बमोजिम रहेको छ ।

| नगरपालिका भित्रका पशु चौपायाको संख्या | रोगबाट प्रभावित चौपायाको संख्या | मृत्यू भएका चौपायाको संख्या | औषधी उपचारमा भएको खर्च रु. |
|---|---|---|---|
| २०५१३ | २६२२ | ४१६ | ९९९०० |

उपरोक्त विवरण अनुसार नगरपालिका भित्र २०५१३ वटा पशु चौपाया रहेकोमा २६२२ वटा पशु चौपाया लम्पी स्किन रोगबाट संक्रमित भएको देखिन्छ भने संक्रमित मध्ये ४१६ वटा पशु चौपायाको मृत्यू भएको देखिन्छ । नगरपालिकाले उक्त महामारी रोकथाम तथा नियन्त्रण गर्नका लागि रु. ९९ हजारको औषधी प्रयोग गरेको देखिन्छ ।

४६ **आर्थिक सहायता -** नगरपालिकाले यस वर्ष नगर प्रमुखको तोक आदेश र स्वास्थ्य शाखाको सिफारिसका आधारमा विपद व्यवस्थापन, विपन्नलाई औषधी उपचार लगायतमा यस वर्ष १४८ जनालाई रु.१४,८०,००० आर्थिक सहायता वितरण गरेको छ ।

४७ **सामाजिक सुरक्षा -** आर्थिक वर्ष २०७९।८० मा नगरपालिकाले वितरण गरेको सामाजिक सुरक्षा रकम र लाभग्राहीको विवरण देहाय बमोजिम रहेको छ ।

| क्र.स. | नगरपालिकाको जनसंख्या (नगरपालिकाको विवरण अनुसार) | लाभग्राही संख्या | लाभग्राही प्रतिशत | सामाजिक सुरक्षा रकम रु. हजारमा |
|---|---|---|---|---|
| १ | ५६३२९ | ४९२० | ८.२ | १९२२५२ |

उपरोक्त विवरण अनुसार नगरपालिकाको जनसंख्या ५६,३२९ जना रहेकोमा यस आर्थिक वर्षमा ४९२० जनालाई रु.१९ करोड २२ लाख ५२ हजार सामाजिक सुरक्षा भत्ता वितरण गरेको देखिन्छ । जुन लाभग्राही संख्या जनसंख्याको तुलनामा ८.२० प्रतिशत रहेको छ ।

४८ **कल्याण कोष -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी जम्मा गर्नुपर्ने व्यवस्था छ । नगरपालिकाले यस वर्ष नगरपालिकाको आफ्नो आन्तरिक श्रोतबाट कर्मचारी कल्याण कोषमा रु.१ करोड ट्रान्सफर गरेको छ । तर उक्त कोषको संचालन सम्बन्धमा नगरपालिकाबाट आवश्यक कानूनी व्यवस्था भएको छैन।

४९ **कानूनी सल्लाहकार -** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ८३(८) मा तोकिएको भन्दा फरक पदमा कर्मचारी पदपूर्ती गर्न नहुने उल्लेख छ। नगरपालिकाले कानूनी सल्लाहकारको रुपमा १ जनालाई नियुक्त गरी वार्षिक रु.६ लाख ४ हजार भुक्तानी भएको छ । स्विकृत दरबन्दी नभएको अवस्थामा सल्लाहकार नियुक्त गरी भुक्तानी गर्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ ।

५० **खर्च गर्ने अख्तियारी -** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७३(५) अनुसार खर्च खाता संचालन गाँउनगरपालिका वा नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको अधिकृतस्तरको कर्मचारी र लेखा प्रमुख वा निजले तोकेको लेखाको कर्मचारीले गर्ने व्यवस्था छ । तर नगरपालिकाको आर्थिक वर्ष २०७९/८० का लागि स्वीकृत नीति तथा कार्यक्रम अनुसार प्रमुख प्रशासकीय अधिकृतबाट २०७९/३/३१ मा १२ वटै वडाका सहायकस्तर वडा सचिवहरुलाई प्रचलित कानूनी व्यवस्था विपरित हुने गरी प्रति वडा रु.३३ लाखका दरले जम्मा रु.३ करोड ९६ लाखको खर्च गर्ने अख्तियारी प्रदान गरेकोमा उक्त अख्तियारी बमोजिम यस वर्ष रु.३ करोड ५० लाख ७ हजार खर्च गरेको देखिन्छ । त्यसैले प्रचलित कानूनी व्यवस्था विपरित हुने गरी वडा कार्यालयमा लेखा जनशक्ति समेत नरहेको अवस्थामा सहायकस्तरका वडा सचिवलाई अख्तियारी दिई खर्च गरेको रकम नियम सम्मत् देखिएन ।

| अनियमित भएको |
|---|

५१ **वडा कार्यालयको बैंक खाता संचालन -** आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ६(१) अनुसार कुनै कार्यालयको नाममा खाता खोल्नु परेमा महालेखा नियन्त्रक कार्यालयको पूर्व स्वीकृति लिनु पर्ने व्यवस्था छ । त्यस्तै गरी नियम ७(५) अनुसार स्थानीय तहको हकमा सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयको प्रमुखले खाता संचालन गर्ने कर्मचारीको दस्तखत नमूना प्रमाणित गर्नुपर्ने उल्लेख छ । तर नगरपालिका अन्तर्गतका १२ वडा कार्यालयहरुको खाता संचालन गर्ने प्रयोजनका लागि सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयको प्रमुखले खाता संचालन गर्ने कर्मचारीको दस्तखत नमूना प्रमाणित नगरेको अवस्थामा वडा कार्यालयहरुले छुट्टै बैंक खाता खोली आर्थिक कारोबार संचालन गर्दै आएको देखिन्छ । त्यसैले कोष तथा लेखा नियन्त्रक कार्यालयको प्रमुखले खाता संचालन गर्ने कर्मचारीको दस्तखत नमूना प्रमाणित नगरेको अवस्थामा संचालित बैंक खाताहरु बन्द गरी तोकिए बमोजिम मात्र आर्थिक कारोबार संचालन गर्ने तर्फ ध्यान दिनुपर्दछ ।

५२ **लागत अनुमानको स्वीकृति -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १४(१)(क) अनुसार ५ करोड रुपैयासम्मको लागत अनुमान राजपत्रांकित तृतीय श्रेणीको कार्यालय प्रमुखबाट स्वीकृत हुने व्यवस्था छ । तर नगरपालिकाले वडा कार्यालयलाई दिएको अख्तियारी अनुसारको बजेट खर्च गर्ने क्रममा सो भन्दा तल्लो तहको कर्मचारीबाट लागत अनुमान स्वीकृत भई खर्च हुने गरेको अवस्था कानून सम्वत् देखिएन । त्यसैले प्रचलित कानूनी व्यवस्थाको पालनामा नगरपालिकाले ध्यान दिनुपर्ने देखिन्छ ।

५३ **घर निर्माण अनुदान** - नगरपालिकाले पुण्यमति खोला किनारामा विगत वर्ष देखि जग्गा धनी दर्ता प्रमाण पूर्जा बेगर बसेका १६ घर मध्ये २०७२ को विनासकारी भूकम्पमा १० परिवार लाभग्राही सूचीमा परेको र ६ परिवार लाभग्राही सूची नरहेको तर प्रभावित भएको उल्लेख गर्दै लाभग्राही सूचीमा परेका १० परिवारका लागि रु. ८,५०,०००।०० का दरले रु. ८५,००,०००।०० र लाभग्राही सूची नरहेका ६ परिवारका लागि प्रति परिवार रु.१०,००,०००।०० का दरले रु.६०,००,०००।०० समेत जम्मा १,४५,००,०००।०० घडेरी तथा घर व्यवस्थापनका अनुदान दिने नगर सभा र नगर नगरकार्यपालिकाको निर्णयानुसार रु.१,४५,००,०००।०० भुक्तानी दिएको छ । सार्वजनिक सम्पत्ति र जग्गाको संरक्षण गर्नुपर्ने जिम्मेवारी रहेको नगरपालिकाले सार्वजनिक जग्गा तथा खोला अतिक्रमण गरी बसेका तथा भुकम्प लाभग्राही सूचीमा परी सकेका परिवारलाई समेत पुनः सोही प्रयोजनका लागि थप वा दोहोरो पर्ने गरी अनुदान प्रदान गर्नु मनासिव देखिएन ।

५४ **भैसी सुत्केरी भत्ता -** नगरपालिकाको स्वीकृत नीति तथा कार्यक्रम अनुसार यस वर्ष सुत्केरी भएका ८१३ भैसीको प्रति सुत्केरी भैसी रु.५,०००।०० का दरले जम्ममा रु.२४,७८,००० भुक्तानी गरेको छ । नगरपालिकाले उक्त कार्यक्रमको प्रभावकारीता विश्लेषण गर्ने तर्फ समेत ध्यान दिनुपर्दछ ।

५५ **करार सेवाका कर्मचारीलाई महंगी भत्ता -** संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको च.नं. २१७ मिति २०७४।१।२५ पत्र अनुसार स्वीकृत दरबन्दीमा कार्यरत करार सेवाका कर्मचारीहरुलाई मासिक खाईपाई आएको तलबमा १ महिना बराबरको पर्व खर्च र रु. १० हजार पोशाक खर्च मात्र पाइने व्यवस्था छ । त्यसैगरी संघीय सरकार अर्थ मन्त्रालयले मिति २०७९/१/२१ मा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयलाई पत्राचार गरी करारमा कार्यरत कर्मचारीहरुलाई महंगी भत्ता उपलब्ध गराउन नसकिने भनी मिति २०७९/१/१५ मा गरेको निर्णयको जानकारी सम्बन्धित स्थानीय तहहरुलाई गराएको देखिन्छ । तर नगरपालिकाले नगर सभाको निर्णय बमोजिम करार सेवामा कार्यरत ५९ कर्मचारीलाई भुक्तानी गरेको महंगी भत्ता रु.१३,७२,०००।०० उल्लेखित परिपत्र विपरित देखिएकाले उक्त भुक्तानी नियम सम्मत् नदेखिएको रु.

| | |
|---|---|
| अनियमित भएको | १३,७२,००० |

५६ **संचार सुविधा -** बाग्मती प्रदेशको स्थानीय सेवा (गठन तथा संचालन) ऐन, २०७९ को दफा ६९(२) अनुसार उपदफा (१) बमोजिम स्थानीय सेवाका कर्मचारीको तलब, भत्ता र अन्य सुविधा नतोकेसम्म नेपाल सरकारले तोके बमोजिम हुने व्यवस्था छ । तर नगरपालिकाले नगर नगरकार्यपालिकाको निर्णय अनुसार नेपाल सरकारले तोके भन्दा बढी हुने गरी नगरपालिकामा कार्यरत १० स्थायी कर्मचारीलाई संचार सुविधा

वापत प्रति महिना रु.२,०००।०० का दरले जम्मा रु.२,४०,०००।०० भुक्तानी गरेको छ । कर्मचारी सेवा सुविधा थप गर्दा प्रचलित स्थानीय सेवा ऐनको व्यवस्थाको पालनामा ध्यान दिनुपर्दछ ।

५७ **कर्मचारी प्रोत्साहन भत्ता -** बाग्मती प्रदेशको स्थानीय सेवा (गठन तथा संचालन) ऐन, २०७९ को दफा ६९(४) अनुसार कर्मचारीलाई कार्यसम्पादनमा आधारित प्रोत्साहन भत्ता प्रदान गर्नका लागि सम्बन्धित स्थानीय तहले आफ्नो आन्तरिक आय स्रोतबाट व्यहोर्ने गरी आवश्यक व्यवस्था गर्न सक्ने उल्लेख छ । तर नगर नगरकार्यपालिकाको निर्णयानुसार प्रोत्साहन भत्ता वापत यस वर्ष स्थायी तथा करारका १२३ कर्मचारीहलाई नगरसभाको तयारीको लागि खटिए वापत २ महिनाको तलब बराबरको रकम रु.९७,६२,९२७।०० प्रोत्साहन भत्ता भुक्तानी गरेको छ । त्यसैले प्रचलित कानूनी व्यवस्था विपरित कार्यसम्पादन सूचक र बेगर नगरसभाको निर्णयका आधारमा एकमुष्ट रुपमा २ महिनाको तलब बराबर रु.९७,६२,९२७।०० प्रोत्साहन भत्ता भुक्तानी गरेको छ । त्यसैले प्रोत्साहन भत्ता भुक्तानी गर्दा प्रदेश कानून अनुसार तोकिएको विधि अवलम्बन गरी कार्य सम्पादन सूचक समेतलाई ध्यान दिनुपर्ने देखिन्छ ।

५८ **प्रदेश सरकार समपुरक अनुदान तर्फ -**

५८.१ **पनौती बाँस्डोल भैसेपाटी सडक —**

✂ ........... ***(प्रारम्भिक प्रतिवेदन उपर रकम असूल गरी दाखिला गरेको प्रमाण पेश भएको आधारमा मिति २०८०।१२।१० को निर्णयबाट रु. २३,३८,५६६ सम्परीक्षण गरिएको ।)***

५८.२ **पनौती आधारभूत विद्यालय निर्माण कार्य -**

✂ ........... ***(प्रारम्भिक प्रतिवेदन उपर रकम असूल गरी दाखिला गरेको प्रमाण पेश भएको आधारमा मिति २०८०।१२।१० को निर्णयबाट रु. ६८,५०,२८६ सम्परीक्षण गरिएको ।)***

५९ **प्रदेश सरकार सशर्त अनुदान–**

✂ ........... ***(प्रारम्भिक प्रतिवेदन उपर रकम असूल गरी दाखिला गरेको प्रमाण पेश भएको आधारमा मिति २०८०।१२।१० को निर्णयबाट रु. ९,१३,८९६ सम्परीक्षण गरिएको ।)***

६० **प्रदेश सरकारबाट हस्तान्तरित चालु अनुदान तर्फ -**

६०.१ **बढी भुक्तानी -** ४०/०८०/३/२४ कृषि लाइबेरी स्थापनाको लागि प्रदेश सरकारबाट रु.३०,००,००० बजेट विनियोजन भएकोमा उपभोक्ताको सहभागिता अंश समेत रु. ३८,०५,२१६ लागत अनुमान स्वीकृत भई सामुदायिक वचत तथा ऋण सहकारी संस्थासंग योजना सम्झौता भएको देखिन्छ । उक्त योजनाको कार्य सम्पन्न हुँदा प्राविधिक मूल्यांकनबाट कुल रु.३७,५९,०९१ को कार्य भएको प्रमाणित भएको र कन्टिजेन्सी तथा जनसहभागिता वापत रु.८,७१,९२७ कट्टा गरी सम्बन्धित उपभोक्ता समितिलाई रु.२८,८७,१६४ भुक्तानीको लागि सिफारिस गरेकोमा रु.२९,२५,००० भुक्तानी भएकोले बढी भुक्तानी

रु.३७,८३६ सम्बन्धित उपभोक्ता समितिबाट असुल गरी प्रदेश संचितकोष दाखिला गरेको प्रमाण पेश गर्नुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ३७,८३६ |

६०.२ **फरक दरमा भुक्तानी** - कृषि लाईबेरी स्थापना कार्यको लागि सामुदायिक वचत तथा ऋण सहकारी संस्थालाई अन्तिम बिल भुक्तानी दिँदा १६१।३१ वर्गमिटर UPVC roofing system 3mm thick coating and mesh regular कार्यको लागि स्वीकृत दररेट अनुसार प्रति वर्गमिटर रु.१,५०६।०० को दरले भुक्तानी हुनुपर्नेमा रु. २,५१९।६७ को दरले भुक्तानी भएको देखिएकोले बढी भुक्तानी भएको रु. १,६३,५१५।१० सम्बन्धितबाट असुल गरी प्रदेश संचितकोष दाखिला गरेको प्रमाण पेश गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | १,६३,५१५ |

६१ **बजेटको सीमा भन्दा बढीको ठेक्का आह्वान** -नगरपालिकाले निर्माण कार्यको लागत अनुमान तयार गर्दा र ठेक्का आह्वान गर्दा विनियोजित बजेटको सीमा भित्र रहेर कार्य गराउनु पर्दछ । नगरपालिकाले देहायका योजनामा विनियोजित बजेट भन्दा बढीको लागत अनुमान तयार गरी ठेक्का सम्झौता गरेको देखिन्छ । नगरपालिकाले देहायको ठेक्कामा लागत अनुमानको हाराहारीमा ठेक्का कबोल भएमा थप बजेटको सुनिश्चितताको बारेमा ध्यान दिएको देखिएन ।

| **सि.नं.** | **योजनाको नाम** | **विनियोजित बजेट रु.** | **लागत अनुमान रु. (भ्याट र कन्टिन्जेन्सी सहित)** | **सम्झौता रकम रु.** | **विनियोजन भन्दा बढीको योजना सम्झौता रु.** |
|---|---|---|---|---|---|
| १. | बोक्सेदह नयाँपुल आशापुरी भक्तपुर (करिडोर) पनौती- ३ | १०००००००० | २४२१०८६१।८ | १३०५१५३९।४३ | ३०५१५३९।४३ |

त्यसैले नगरपालिकाले निर्माण कार्य गर्दा विनियोजित बजेट भित्र रहेर लागत अनुमान तयार गर्ने र ठेक्का प्रकृयामा जाने कार्यमा ध्यान दिनुपर्दछ ।

६२ **अग्रिम कर कट्टी** -आयकर ऐन, २०५८ को दफा ८९(३क) मा उपभोक्ता समितिलाई ५० लाख भन्दा बढीको भुक्तानी गर्दा १.५ प्रतिशत अग्रिम कर कट्टी गर्नुपर्ने व्यवस्था छ । तर नगरपालिकाले देहायका उपभोक्ता समितिलाई ५० लाख भन्दा बढीको भुक्तानी गर्दा अग्रिम कर कट्टी गरेको देखिएन । आयकर ऐनमा भएको व्यवस्था अनुसार देहायको उपभोक्ता समितिको अग्रिम कर रु.९६,७८०.९५ सम्बन्धित उपभोक्ता समितिबाट असूल गरी दाखिला गरेको प्रमाण पेश गर्नुपर्ने रु.

| सि.नं. | उपभोक्ता समितिको नाम | लागत अनुमान रु. | भुक्तानी रकम रु. | १.५ प्रतिशत कर रु. |
|---|---|---|---|---|
| १. | एकिकृत बञ्चरेडाँडा पुल बजार चालिसे बजार खानेपानी समिति | ७२१९३०६.४३ | ६४५२०६३.४४ | ९६७८१ |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ९६,७८१ |

६३ **स्वीकृत दर भन्दा बढी भुक्तानी** -सार्वजनिक खरिद नियमावली,२०७७ को नियम १० अनुसार सार्वजनिक निकायले स्वीकृत दर रेटको आधारमा निर्माण कार्यको भुक्तानी दिनुपर्ने व्यवस्था रहेको छ। नगरपालिकाले देहायका उपभोक्ता समितिबाट निर्माण कार्य गराउदा स्वीकृत दर भन्दा बढी दरमा भुक्तानी गरेको देखिन्छ । स्वीकृत दर भन्दा बढी दरमा भुक्तानी गरेको रु.२७२२९०.३ सम्बन्धित उपभोक्ता समितिबाट असूल गरी दाखिला गरेको प्रमाण पेश गर्नुपर्ने रु.

| भौ.नं. मिति | उपभोक्ता समितिको नाम | कामको विवरण | परिमाण (घनमिटर) | स्वीकृत दर रु. | भुक्तानी दर रु. | बढी भुक्तानी रु. |
|---|---|---|---|---|---|---|
| ८९। ०७९।०७।०३ | जगन्नाथ गुरुको घर छेउबाट राउतगाउँ जाने बाटो निर्माण उपभोक्ता समिति | Providing and laying hand pack stone soling (river stone) | २५.०१ | २९७८.७ | ३५८५.७ | १५१८१.०७ |
| | | PCC m15 | २० .३३ | १११८५ | ११७२२.२१ | १०९२१.४७ |
| १३६।०७९।०८।२६ | कलाँती भुनीडाँडा स्वास्थ्य चौकी बाँकी निर्माण उपभोक्ता समिति | Cement concrete work 1:2:4 | २३.७६ | ११५०७.९६ | १३४४२.८४ | ४५९७२.७६ |
| ४०।२०७९।५।२८ | खड्यगखुड्ुग मोटरबाटो पनौती उ . स . | Providing and laying hand pack stone soling (river stone) | २३.८ | २९७८.८ | ५५१२.८ | ६०३०९ |
| २५९।०७९।१२।२ | टीकेचोक ठूलो पधेंरो माथिल्लो सडक अधुरो ढलान | | ३६.८५ | २९७८.८ | ३४५३.४ | १७४८९ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | निर्माण उ. स | | | | | |
| २८४।०७९।१२।१४<br>३००।०७९।१२।२१ | सेन्टलम स्कुल जाने सडक स्तरोन्नती उ. स | | ३९.०२ | | | १८५१८ |
| ३३६।०८०।१।१४ | दिलिपको घरदेखी परियार टोल र पीपलबोट हुँदै शान्ति मार्ग जाने बाटो निर्माण उ. स | | २१.४८ | | | १०१९४ |
| ४४०।०८०।२।३२ | षड्भुजी मन्दिर निरको बाटो स्तरोन्नती उ. स . | | ८५.१६ | | | ४०४१७ |
| ४४१।०८०।२।३२ | जलेश्वर घाट हुँदै गणेशस्थान बाटो उ. स . | | १०३.८२ | | | ४९२७३ |
| | | | | | **जम्मा** | **२६८२७५** |

*........... (प्रारम्भिक प्रतिवेदन उपर पनौती बसपार्क खानेपानी पाईप निर्माण उ.स. को असूल भई प्रमाण पेश भएको आधारमा मिति २०८०/१२/१० को निर्णयबाट रु.४,०१५ सम्परीक्षण गरिएको ।)*

| | |
|---|---|
| असुल गर्नुपर्ने | २,६८,२७५ |

६४ **उपभोक्ता समितिलाई भ्याट भुक्तानी -** नगरपालिकाले खानी उद्योग पहँच मार्ग व्यवस्थापन समितिलाई खानी जाने बाटो ग्रावेलको कार्य गरेको भनी रु. १०,००,०००/- भुक्तानी गरेको देखिन्छ । उपभोक्ता समितिले कार्य सम्पन्न पश्चात ४ वटा विलमा रु.८,८४,९५५.७६ खर्पे दाबि गरेकोमा भ्याट रकम रु १,१५,०४४.२४ भुक्तानी गर्नुपर्नेमा नगरपालिकाले रु. १,३०,००० भुक्तानी गरेको देखिन्छ । उपभोक्ता समितिले पेश गरेको भ्याट विल भन्दा रु. १४,९५६ बढी भुक्तानी गरेको देखिन्छ । उपभोक्ता समितिलाई बढी भ्याट भुक्तानी भएको रकम असूल गरी दाखिला गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | १४,९५६ |

६५ **प्रमाण पेश गर्नुपर्ने -** १३४।०७९।०८।२५ आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ मा विल भरपाई सहितको श्रेष्ता राख्नुपर्ने व्यवस्था छ । वडा नं ६ को ब्रम्हायणी मन्दिर परिसर र वडा नं ७ को पूण्य माध्यामिक विद्यालय वरिपरिको सरसफाई कार्य गरेको भनि सन्तलाल पाडेलाई रु.६७,६२० भुक्तानी गरेको देखिन्छ । उक्त निर्माण गर्दा तयार गरेको लागत अनुमान र कार्यसम्पन्न संलग्न फाँटवारीमा समावेश भएको देखिएन । अतः उक्त कार्य गर्दा तयार गरेको लागत अनुमान र कार्य सम्पन्न पेश गर्नुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ६७,६२० |

६६ **एज विल्ट ड्रईङ -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२५ मा खरिद सम्झौता बमोजम निर्माण काय सम्पन्न भएको तीस दिन भित्र सम्बन्धित निर्माण व्यवसायीले निर्माण भए वमोजमको (एजबिल्ट) नक्सा सार्वजनिक निकायमा पेश गर्नुपर्न व्यवस्था छ । त्यसैगरी कार्यालय र निर्माण व्यवसायी बीच भएको सम्झौताको स्पेशल कन्डिसन अफ कन्ट्र्याक्टमा निर्माण व्यवसायीले कार्यसम्पन्न गरेको १५ दिन भित्र एज बिल्ट नक्सा पेश गर्नुपर्ने र सो नक्सा पेश नगरेमा रु.२० हजार देखी ५० हजारसम्म रकम रोक्का गरी भूक्तानी गर्नुपर्ने उल्लेख छ । ठेक्का नं CONW3/01/076/77 को नगरपालिकाले पनौती नगरपालिका ३ नं वडा कार्यालयको भवन निर्माण कार्य ब्राइट/क्षितिज जे भी बाट मिति २०७८।१२।३० मा सम्पन्न भएकोमा लेखापरीक्षणको समय सम्म पनि नक्सा पेश गरेको देखिएन । नियमावलीको व्यवस्था तथा सम्झौताको शर्त अनुसार निर्माण व्यवसायीले कार्यसम्पन्न भएको लामो समयसम्म एज विल्ट नक्सा पेश नगरेकोले नक्सा पेश गर्नुपर्ने अन्यथा उक्त कार्य वापत तोकिएको रु. ५०,०००/- निर्माण व्यवसायीबाट असूल गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ५०,००० |

६७ **योजना सञ्चालनमा दोहोरोपना -** ५४५।२०८०।०३।२२ शंखु शारदा खानेपानी तथा सरसफाई योजना निर्माणको लागि मिति २०७९।१०।२२ गते खानेपानी तथा सरसफाई डिभिजन नं. ३ सिन्धुपाल्चोक चौतारासँगको सम्झौतामा रु.३६६१५९७।८४ को लागत अनुमान तयार गरी कार्यालयले रु.८,१५,६७६।१६ र उपभोक्ता समितिले जनश्रमदानबाट रु.२८,४५,९२१।६८ व्यहोर्ने गरी उल्लेख भएको देखिन्छ । सोही योजनाको लागि नगरपालिकाको मिति २०८०।०२।०७ को २० औं बैठकले रु.१५,००,०००।०० बजेट विनियोजन गरेको देखिन्छ । खानेपानी तथा सरसफाई डिभिजनसँगको सम्झौतामा उपभोक्ता समितिले जनश्रमदानबाट व्यहोर्ने भनिएको रु.२८,४५,९२१।६८ मध्ये नगरपालिकाले पनुः सोही योजनामा सोही उपभोक्ता समितिसँग रु.१५,००,०००।०० को योजना सम्झौता गरी प्रदेश खानेपानी डिभिजनले जनश्रमदान व्यहोरेको देखिन्छ । प्रदेश खानेपानी कार्यालयको योजनामा नगरपालिकाले उपभोक्ता समितिलाई रु.१३,६२,९८५।०० जनश्रमदानको रकम दोहोरो पर्ने गरी भुक्तानी गरेको देखिन्छ ।अतः प्रदेश सरकारबाट सञ्चालित योजनामा उपभोक्ता समितिको हिस्सा रकम नगरपालिकाबाट व्यहोरेको उपयुक्त नदेखिएकाले सो रकम उपभोक्ता समितिबाट असूल गरी दाखिला गरेको प्रमाण पेश गर्नुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १३,६२,९८५ |

६८ **पूर्वनिर्धारीत क्षतिपूर्ति -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२१ तथा सम्झौताको शर्त वमोजिम निर्माण व्यवसायीले सम्झौता अवधिमा सम्झौता अनुसारको कार्य सम्पन्न नगरेमा सम्झौता रकमको प्रतिदिन ०.०५ प्रतिशतका दरले बढीमा १० प्रतिशतमा नबढ्ने गरी पूर्वनिर्धारीत क्षतिपूर्ति असूल गर्नुपर्ने उल्लेख छ । नगरपालिकाले वडा नं ८ र १२ स्थित वैकल्पिक सडक मर्मत कार्यको लागि कोटेशन मार्फत कार्य गरेको देखिन्छ । उक्त योजनामा लागत अनुमान रु. ९,९९,०१४।०२ तयार गरेकोमा रु. ९,९३,५८४।५९ मा गौखुरेश्वर कुशादेवी कन्स्ट्रक्सन प्रा.लि. संग मिति २०७९।०५।१० गते भित्र योजना सम्पन्न गर्ने गरी मिति २०७९।०४।१९ मा सम्झौतामा गरेको देखिन्छ । संलग्न विवरण अनुसार उक्त योजना मिति २०७९।०८।२५ मा सम्पन्न भएको देखिन्छ । उक्त योजना तोकिएको अबधि भन्दा १०५ दिन ढिला सम्पन्न भएको देखिन्छ । तोकिएको समय भन्दा ढिला योजना सम्पन्न गरेकोले उक्त निर्माण व्यवसायीलाई (४९६।७९*१०५=५२१६३।१९) रु. ५२,१६३।१९ कट्टी गरी भुक्तानी गर्नुपर्नेमा सो नगरेकोले क्षतिपूर्ति वापतको रकम असुल गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ५२,१६३ |

६९ **बढी भुक्तानी -** २६३।२०७९।१२।३ भलायोबोट महांकालस्थान सडक स्तरोन्नती निर्माण उपभोक्ता समितिलाई भलायोबोट महांकालस्थान सडक स्तरोन्नती कार्य गरे बापत कार्य सम्पन्न प्रतिवेदन अनुसार जनश्रमदान कट्टी गरी रु.९,५१,३०४।७८ भुक्तानी हुनुपर्नेमा रु.९,७५,००० भुक्तानी भएकोले बढी भुक्तानी भएको रु.२३,६९६ सम्बन्धितबाट असुल गरी दाखिला गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | २३,६९६ |

७० **आन्तरिक लेखापरीक्षण** -आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ८१ मा आन्तरिक लेखापरीक्षणबाट देखिएका वेरुजु अन्तिम लेखापरीक्षण गर्नु अगावै फछर्यौट गराउनुपर्ने व्यवस्था छ । आन्तरिक लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका मध्ये प्रतिवेदनका अन्य दफाहरुमा समावेश नभएका र उल्लेखनीय व्यहोराहरु मात्र कायम भई फर्छयौट हुन बाँकी बेरुजु निम्नानुसार रहेकोले असूल फछर्यौट गराउनुपर्ने रु.

| **भौ.नं./मिति** | **विवरण** | **रकम** |
|---|---|---|
| १२३/१२५/१४०/ १५३-०७९/०६/११ | वडा दशैको मौला पुजाको लागि प्रहरी चौकी खोपासी कुशादेवि राशीभुमिडाँडा र अस्थायी ट्राफिक प्रहरी पोष्ट पनौतीलाई १०००० का दरले उपलब्ध गराएकोमा विल भरपाई संलग्न नरहेकोले प्रमाण कागजात पेश गर्नुपर्ने रु. | ४००००/- |

| | | |
|---|---|---|
| १२९/२०७९/०६/११ | उजुरी प्रशासक रमेश थापाले गत आ.ब.२०७८/०७९ मा न्यायिक समिति तथा मेलमिलापकर्ताहरुको अवलोकन भ्रमणको लागि लिएको रु.३३२३८०/- पे.फ. गर्दा रु.१८८१७०/- सोधभर्ना समेत जम्मा रु.५२०५५०/- माग गरेकोमा रु.५१६६०५ को मात्र बिलभरपाई संलग्न गरेकोले बढी रु.३९४५ सम्बन्धितबाट असुल गर्नुपर्ने रु. | ३९४५/- |
| १३५/२०७९/०६/१२ | नगरपालिकाले शाखा प्रमुखहरु मासिक २ हजार संचार महशुल उपलब्ध गराउँदै आएकोमा पशुचौपायहरुलाई PPR तथा खोरेत रोग विरुद्धको खोप कार्यक्रममा टोली प्रमुखलाई ७ हजार संचार खर्च भुक्तानी भएकोले दोहोरो संचार खर्च सम्बन्धितबाट असुल हुनुपर्ने रु. | ७०००/- |
| १८१/२०७९/०७/०४ | १२ वटै वडामा कृषि सामाग्री ढुवानी वापत सवारी चालक मनोज घिमिरेले रु. १२४५०० को भुक्तानीमा लाग्ने ढुवानी कर वापतको रु.३११२/५० तथा सवारी चालक गणेश के.सी.को रु. ५२००० भुक्तानीमा लाग्ने ढुवानी कर रु.१३००/- समेत रु.४४१२ सम्बन्धितले दाखिलाको प्रमाण पेश हुनुपर्ने रु. | ४४१२/- |
| ५२४/२०७९/१२/०७ | सि.अ.न.मि. रिना पुरीले मानिसिक स्वास्थ्य जाँच सम्बन्धी शिविर संचालन वापत रु.२८३१००/- को बिल भरपाई संलग्न रहेकोमा रु.२८९०००/- भुक्तानी भएकोले बढी भुक्तानी सम्बन्धितबाट असुल गर्नुपर्ने रु. | ५९००/- |
| ८८६/२०८०/०३/१९ | शिक्षा शाखा सहायक स्रोत व्यक्ती राजन श्रेष्ठले External Hard Disk खरिदको रु.१३१२५/-को बिल पेश गरेकोमा दाखिला गरेको नदेखिएकोले जिन्सी दाखिलाको प्रमाण पेश गर्नुपर्ने रु. | १३१२५/- |
| ३०/२०७९/०५/३१ | बगुवा सिंचाई कुलो निर्माण उपभोक्ता समितिले रु. ५८०१२७/- बरबरको कार्य सम्पन्न प्रतिवेदन पेश गरेकोमा प्राविधिक शाखाबाट रु.४५२६०२/- भुक्तानी दिन सिफारिस भएकोमा रु.४८७५००/- भुक्तानी दिएकोले बढि भुक्तानी भएको रु.३४८९८/- सम्बन्धित उपभोक्ता समितिबाट असुल गर्नु पर्ने रु. | ३४८९८/- |
| **जम्मा** | | **१,०९,२८०/-** |

| | |
|---|---|
| असुल गर्नुपर्ने | १,०९,२८० |

७१ **पेश्की बाँकी -** आर्थिक कार्यविधी तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ५१ अनुसार सरकारी रकम पेश्की लिने कर्मचारी वा अन्य जुनसुकै व्यक्तिले नियमावलीमा तोकिएको म्याद भित्र पेश्की फछ्यौंट गर्नुपर्ने व्यवस्था छ । नगरपालिकाले बीमा तथा नवीकरणका लागि कृष्ण बहादुर आचार्यलाई ३०९-२०७९/०९/१४ बाट रु. ४ लाख ५० हजार दिएको पेश्की आर्थिक वर्षको अन्तयमा फछ्यौंट नभइ बाँकी रहेको देखिन्छ । उक्त पेश्की आर्थिक वर्षको अन्त्यसम्म पनि पछ्यौंट नभई बाँकी रहेको देखिएकोले नियमानुसार फछ्यौंट गर्नुपर्ने रु.

| | |
|---|---|
| पेश्की | ४,५०,००० |

## अनुसूचीहरू

**अनुसूची - १**

## आर्थिक कारोबारको स्थिति

आर्थिक बर्षः २०७९/८०

कार्यालय र स्थान : पनौती नगरपालिका, काभ्रेपलाञ्चोक , पनौती नगरपालिका , काभ्रेपलाञ्चोक

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | प्रणराज न्यौपाने | २०७९-३-२१ | २०८०-५-१८ |
| कार्यालय प्रमुख | राम प्रसाद आचार्य | २०८०-५-१८ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | कृष्ण प्रसाद सैंजू | २०५४-६-८ | हाल सम्म कार्यरत |

बेरुजु वर्गीकरणः

| असूल गर्नुपर्ने | अनियमित भएको | प्रमाणका कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा पेश्की |
|---|---|---|---|---|---|
| १,२१७,२९२.७५ | १,३७२,००० | ११,५७१,१८९ | ० | ० | ४५०,००० |
| **प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.** | | | | | १४,६१०,४८१.७५ |
| **प्रारम्भिक प्रतिवेदन उपर फछ्र्यौट गरी संपरीक्षण भएको रकम रु.** | | | | | १०,४०६,७६३ |
| **संपरीक्षणबाट थप भएको बेरुजू रु.** | | | | | ० |
| **लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.** | | | | | ४,२०३,७१८.७५ |

स्थानीय तह :

| **गत बर्षको जिम्मेवारी** | | १४२३०४५८०.१ | |
|---|---|---|---|
| **आम्दानी** | | **खर्च** | |
| **संघीय सरकारबाट अनुदान** | ४७६२२१५१७.६ | **चालु खर्च** | ६२२२०३५९६.५१ |
| **प्रदेश सरकारबाट अनुदान** | ७०७८८९८७ | **पूँजीगत खर्च** | ४८०५६२१२९.६ |
| **राजश्व बाँडफाँट** | १५७७९१९७० | **वित्तीय/अन्य व्यवस्था** | २१७३७५६७७.७ |

| | | | |
|---|---|---|---|
| **आन्तरिक आय** | ४२०१४३७४५.२१ | | |
| **अन्य आय** | २२०९०७६२१.५ | | |
| **कुल आय** | १३४५८५३८४१.३१ | **कुल खर्च** | १३२०१४१४०३.८१ |
| **बाँकी मौज्दात** | | १६८०१७०१७.६ | |